महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन
विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड द्वितीय वर्षको
आंशिक आवश्यकता पूरा गर्नका
लागि प्रस्तुत

शोधपत्र

शोधार्थी
विर्ख माया लिम्बु
परीक्षा रो.नं.: २१४००६५
त्रि.वि.वि. दर्ता नं. : ९-२-९-१०५६-२००१
शैक्षिक वर्ष : २०६६/२०६७

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
कोसीहरैंचा, मोरङ

२०७३

प्रतिज्ञा पत्र

म यो घोषणा गर्दछु कि **महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभाव** विषयमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरूको पालना गरी तयार पारिएको छ । यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुबहु नसारी आफ्नो भाषाशैलीमा तयार पारिएको छ । यो अनुसन्धान तयार पार्दासम्म आज भन्दा अगाडि काँहिकतै पेश नगरी आफैँले तयार पारेको छु ।

विर्ख माया लिम्बू

एम. एड्. दोस्रो वर्ष

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्ध प्राप्त

सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS

कोसीहरैचा, मोरङ ☎ : 021–545617

KOSHIHARINCHA, MORANG ☎ : 021–545717

स्थापित : 2048

फ्याक्स : 021–545717

पत्र सङ्ख्या : E-mail:

sukunac@yahoo.com

चलानी नम्बर : मिति

: .....

विषय : सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, कोसीहरैँचा, मोरङको स्नातकोत्तर तह एम्.एड्. द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय (Ed.PM. 598) को आंशिक आवश्यकता पूरा गर्नका लागि छात्रा श्री **विर्ख माया लिम्बु**ले **महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभाव** शीर्षकको शोध-पत्र मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....

खगेन्द्र प्रसाद लुईटेल

शोध निर्देशक

मिति : २०७३ / /

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धप्राप्त

सुकुना बहुमुखी क्याम्पस

SUKUNA MULTIPLE CAMPUS

कोसीहरैचा, मोरङ ☎ : 021–545617

KOSHIHARINCHA, MORANG ☎ : 021–545717

स्थापित : 2048 फ्याक्स : 021–545717

पत्र सङ्ख्या : E-mail:

sukunac@yahoo.com

चलानी नम्बर : मिति :

.....

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, कोसीहरैचा मोरङ, शिक्षा शास्त्र सङकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय(Ed.PM.598) लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्रा श्री **विर्ख माया लिम्बु**ले उक्त तहको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गर्नु भएको **महिला शिक्षकको सहभागितालेशिक्षण सिकाइमा पारेको प्रभाव** शीर्षकको शोधपत्र यस शोधपत्र मुल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ।

मूल्याङ्कन समिति

क्र.स.	नाम	पद	हस्ताक्षर
१.	श्री केशवराज भट्टराई	विभागीय प्रमुख	
.....			
२.	श्री खगेन्द्रप्रसाद लुईटेल	शोध निर्देशक	
.....			
३.		बाह्य परीक्षक	
.....			

मिति : २०७३/ /

कृतज्ञता ज्ञापन

महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई अध्ययनरत स्नानकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो ।

यस शोधपत्रको शीर्षक छनोटदेखि लेखन कार्य पूरा गर्ने समयसम्म आवश्यक सल्लाह, सुझाव, परामर्श दिनुहुने सुकुना बहुमुखी क्याम्पसका शोध निर्देशक श्री खगेन्द्र प्रसाद लुइँटेल, क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ, क्याम्पस सहायक प्रमुखा श्री लक्ष्मीकुमार श्रेष्ठ तथा विभागीय प्रमुख केशवराज भट्टराईप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अध्ययनका क्रममा आवश्यक पर्ने सूचना, तथ्यांक तथा जानकारी प्रदान गर्नुहुने चुलाचुली स्रोत केन्द्रका स्रोत व्यक्ति, विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु, अभिभावक तथा विद्यार्थीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययन क्रममा प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउनु हुने मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

अध्ययन क्रममा लाग्न सधैंभरि प्रेरित गरिरहने मेरा आदरणीय माता पिता एवम् सम्पूर्ण परिवार प्रति पनि आभार व्यक्त गर्न चाहन्छु र, अन्त्यमा शोधपत्रलाई समयमा नै टंकन गरी सहयोग पुऱ्याइदिने ओत् प्रिन्टङ् प्रेसका शिला राई र बसन्त लिम्बूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

विर्ख माय लिम्बू
शोधकर्ता

शोधसार

महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा तयार परिएको शोधप्रत्रमा महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभाव यसको मुख्य उद्देश्य रहेको छ ।

यो शोधकार्य इलमा जिल्लाको चुलाचुलि स्रोत केन्द्र भित्र संञ्चालित दसवटा सामुदायिक प्राथमिक विद्यालय र सम्वन्धित विद्यलयका प्र.अ., वि.व्या.स. अध्यक्ष, महिला शिक्षक, शिक्षक अभिभावक संघ र विद्यार्थीहरूबाट अध्ययन भित्र सीमित गरिएको छ । यो अध्ययन कार्यलाई अगाडि बढाउन सम्बन्धित उद्देश्यले मेलखाने प्रश्नावली नमूना, अवलोकन, अन्तर्वार्ता तथा अभिलेख जस्ता साधनहरूबाट तथ्याङ्क संकलन गरी गुणात्मक तथा परिमाणत्मक दुवै ढाँचाको सहयोगबाट तथ्याङ्कलाई तालिकीकरण गर्दै तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गर्दै सम्बन्धित सहित्यको सहित्य र सैद्धान्तिक खाकासँग समिश्रण गर्दै व्यख्या र विश्लेषण छ ।

यस अध्ययन क्षेत्रमा पूरुष शिक्षकको तुलनमा महिला शिक्षक संख्या न्यून रहेको पाइयो त्यस मध्ये स्थायी महिला शिक्षक पनि न्यून रहेको पाइयो । अस्थायी, राहात र नीजि शिक्षकमा भने समानता रहेको पाइयो । त्यस्तै तलिमा प्राप्त,अप्राप्त र आंशिक तलिम प्राप्त शिक्षक सामान्य रहेको पाइयो । वि.व्य.स.मा महिला सहभागिता कम रहेको पाइयो । त्यसैगरी कक्षा एकमा छात्राको खुद भर्ना दरको अवस्था क्रमश घट्दै गएको पाइयो । छात्राको उर्त्तीण, कक्षा दोहोऱ्याउने अवस्था, विचैमा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने छात्रको अवस्था छात्राको तुलनामा कम रहेको पाइयो । शिक्षणमा महिला शिक्षकको अवस्थामा कक्षा शिक्षण नभएको पाइयो भने प्र.अ.को महिला शिक्षक वीच र शिक्षण प्रति राम्रो व्यवहार रहेको पाइयो ।

अध्ययन क्षेत्रमा समग्रमा महिला शिक्षक दरवन्दी मिलानमा महिलालाई प्राथमिकता दिनुपर्ने सुझाव पाइयो । पारिवारीक कारण, आर्थिक कारण सामाजिक कारण, द्वन्दका कारण र भौगोलिक कारणले गर्दा सो अवस्था भएको पाइयो, यी सम्पूर्ण गतिविधिहरूलाई सुल्झाउन सम्बन्धित निकाय सम्वेदनशील रहनु पर्ने देखिन्छ ।

विषय सूची

शीर्षक	पृष्ठ
प्रतिज्ञा पत्र	क
सिफारिस पत्र	ख
स्वीकृति पत्र	ग
कृतज्ञता ज्ञापन	घ
शोधसार	ङ
विषय सूची	च
तालिका सूची	झ
परिच्छेद एक : परिचय	
१.१ अध्ययनको पृष्ठभूमि	१
१.२ समस्याको कथन	६
१.३. अध्ययनका उद्देश्यहरु	८
१.४ अनुसन्धानात्मक प्रश्नहरु	८
१.५. अध्ययनको महत्व	८
१.६. अध्ययनको परिसीमा	९
१.७.प्रयोग भएका परिभाषित तथा प्राविधिक शब्दहरु	९
परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा	
२.१.सम्बन्धित साहित्यको पुनरवलोकन	११
२.२ सैद्धान्तिक /अवधारात्मक ढाँचा	१६
२.३. पुनरवलोकनको उपादेयता	२०
परिच्छेद तीन : अध्ययनको विधि र प्रकृया	
३.१ अध्ययनको ढाँचा र विधि	२२
३.२.१ जनसङ्ख्या	२२
३.२.२. नमुना छनोट	२३
३.२.३. नमुना छनौटको रणनीति	२३
३.३.अध्ययनको क्षेत्र	२३

३.४. तथ्याङक संकलनका साधन र तरिका २३
३.५. तथ्याङक संकलन प्रकृया २४

परिच्छेद चार : नतिजाको व्याख्या एवम्, विश्लेषण

४.१ महिला क्षिक्षकको शिक्षणमा सहभागिता २५
४.१.१ महिला शिक्षकको अवस्था २५
४.१.२ प्राथमिक तहमा महिला शिक्षकहरुको सेवाको प्रकार २६
४.१.३ महिला शिक्षकको तालिममा सहभागिता २७
४.१.४ महिला शिक्षकको कक्षा शिक्षण भार २९
४.१.५. विद्यालय व्यावस्थापन समितिमा महिला सहभागिता ३०
४.२. महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव ३०
४.२.१. विद्यार्थी भर्नाको अवस्था ३१
४.२.२. अध्ययन क्षेत्रको १ को खुद नयाँ भर्नाको अवस्था ३२
४.२.३ महिला शिक्षकको सिकाइ प्रति विद्यार्थीको धारणा ३२
४.२.४ महिला शिक्षकको शैक्षणिक संगठन ३५
४.२.५ महिला शिक्षकाको शिक्षण कार्यमा विद्यालय व्यवस्थापन समिति अध्यक्षको धारणा ३६
४.२.६ महिला शिक्षकले शिक्षणमा पारेको प्रभावमा प्रधानध्यापकको धारणा ३८
४.३ महिला शिक्षकको शिक्षण सिकाइमा छात्रछात्राको उपलब्धी स्तर ३९
४.३.१ विद्यार्थीको परीक्षा परिमाण ३९
४.३.२. छात्राहरुको उर्त्तीण अवस्था ४०
४.३.३ छात्राहरुको दोहोऱ्याउनेको अवस्था ४०
४.३.४. छात्राहरुको बीचैमा कक्षा छोड्ने अवस्था ४२
४.३.५ बसाइसराइ भएर आउने छात्राको अवस्था ४३
४.४ महिला शिक्षकको सहभागिता बढाउने उपायहरु ४४
४.४.१ महिला शिक्षकको सहभागिता बढाउने उपायहरु ४४
४.५ प्राप्तीको सारांश ४६

परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

५.१ निष्कर्ष ४८
५.२ सुझावहरु ४९

५.२.१ नीतिगत तहका लागि सुझाव ४९
५.२.२ अभ्यास तहका लागि सुझाव ४९
५.२.३ अनुसन्धान तहका लागि सुझाव ५०
सन्दर्भग्रन्थ
अनुसूचीहरू

तालिका सूचि

तालिका नं.	विवरण	पृष्ठ
१ :	सर्वेक्षणको लागि नमुना छनौट क्षेत्रको विवरण	२३
२	अध्ययन क्षेत्रमा महिला शिक्षक सहभागिताको वर्तमान अवास्था विवरण	२६
३	अध्ययन क्षेत्रको शिक्षकहरुको सेवा अवस्था	२७
४	अध्ययन क्षेत्रको महिला शिक्षकको तालिमको विवरण	२८
५	महिला शिक्षकको शिक्षणमा सहभागिता	३०
६	विद्यालय व्यावस्थापन समितिमा महिला सहभागिताको अवस्था	३१
७	अध्ययन क्षेत्रको १ को खुद नयाँ भर्नाको अवस्था	३३
८	महिला शिक्षकको सिकाइ प्रति विद्यार्थीहरुले दिएको धारणा	३५
९	शिक्षणमा महिला शिक्षकको अवस्था	३६
१०	महिला शिक्षकको शिक्षण कार्यमा वि.व्य.स. अध्यक्षको धारणा	३७
११	महिला शिक्षकले शिक्षणमा पारेको प्रभावमा प्रधानध्यापकको धारणा	३८
१२	छात्राहरुको उर्तीण अवस्था	४०
१३	छात्राहरुको दोहाऱ्याउने अवास्था	४१
१४	छात्राहरुको बीचैमा कक्षा छोड्ने अवस्था	४२
१५	तहमा कक्षा दोहोऱ्याउने छात्रको अवस्था	४३

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि

शिक्षा देश विकासको माध्यम तथा आधारशिला हो । शिक्षाले नै देशको चैतर्फी विकासका मार्गहरू खुला गर्दछ । शिक्षाको उद्देश्य नै व्यक्ति, समाज र राष्ट्रको निर्माणमा सहयोग पुऱ्याउनु हो । राज्यले जस्तो शिक्षा दिन्छ । त्यस्तै प्रकारको व्यक्ति, समाज र राष्ट्र निर्माण हुन सक्दछ । राम्रो शिक्षा ले मात्र राम्रो जनशक्ति उत्पादन गर्न सक्दछ । राम्रो जनशक्तिले मात्र राम्रो देशको निर्माण गर्न सक्दछ । त्यसैले देश विकासका लागि शिक्षाको माहत्वपूर्ण भूमिका रहेको हुन्छ ।

औपचारिक शिक्षा प्रणाली राणाकालिन समयमबाट शुरुभएको पाइन्छ भने महिलालाई शिक्षण सहभागिता बढाउनको लागि चन्द्रशमशेरले वि. सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना गरेको पाइन्छ भने यस कलेजमा पनि विशेषगरी महिलाको सहभागितामा जोड दिदै पनि राणाकालको अन्त्य सम्ममा महिला शिक्षकलाई प्राथमिक शिक्षक बनाउने कार्यक्रमका लागि वि.सं २०२८ सालमा (पोखरा) कास्की, वि.सं. २०३३ सालमा नेपालगञ्ज र वि.सं. २०३६ सालमा जुम्ला जिल्लामा उक्त परियोजना सञ्चालन भएको पाइन्छ । यस कार्यक्रममा एस.एल.सी पास गरेकालाई ए लेबल ट्रेनिङ र एस. एल. सी. फेल गरिएकालाई बी लेभर ट्रेनिङ चलाएको थियो भने यो कार्यक्रम दुर्गम क्षेत्रका आधारमा छात्रा कोटाको व्यवस्था गरी कक्षा -१ सम्म विद्यालयमा अध्ययन गरी एक वर्षको “बी लेभल ट्रेनिङ” उपलब्ध गराएको थियो (यस कार्यक्रमलाई “शैक्षिक स्तर वृद्धि कार्यक्रम” भनियो । यो ट्रेनिङ लिनका लागि शिक्षा शास्त्र संकाय क्याम्पसको महिला छात्रावासमा बस्ने छात्राहरुलाई छात्रवृत्ति, पोशाक, औषधीउपचार, पाठयपुस्तक आदिको व्यवस्था

यू.एन.आई.सि.इ.एफ.ले गरेको पाईन्छ । यस्तो महिला शिक्षा परियोजनलाई वि.सं. २०३६ सालमा परिवर्तन गरी एजुकेसन अफ गलस् एण्ड हुमन इन नेपाल बनाएको पाइन्छ । यसरी वि.सं. २०४० सालमा नेपालमा महिला शिक्षा परियोजनाको कार्यलय शिक्षा तथा संस्कृति मन्त्रालयमा सरी समन्वय कर्ताको व्यवस्था गरी सोही समयदेखि परियोजनाको सम्पूर्ण कार्यक्रमको सबै खर्च यू.एन.आई.सि.इ.एफ र नेपाल सरकारबाट व्यहोरीने व्यवस्था भएको पाइन्छ । यसरी महिला शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरेर पनि महिला सहयोग तथा छात्रा भने प्रतिशत भने व्यक्ति प्रभावकारी हुन सकेको पाइन्दैन (वस्नेत,२०६२) ।

विगतदेखि वर्तमान समयसम्म नारीहरु घरभित्रै जकडिएको महसुस गरी शिक्षा रोजगार र न्याय लगायत हरेक क्षेत्रमा नारीको समान हक पाउनको लागि लिङ्गिय विभेदलाई अन्त्य गर्ने प्रयास

भएको पाइन्छ । नयाँ समाजको सृजना र लिङ्गीय शसक्तिकरणामा राज्यले विशेष चासोको साथ भूभिका खेल्नुपर्ने नाराहरु छरपष्ट रुपमा देखापर्ने लागेको पाईन्छ । २०औं शताब्दीको पहिलो दशक इ.स.१९१० मा अन्तराष्ट्रिय नारी दिवस'' मनाउने प्रावधान भई औपचारिक रुपमा अन्तराष्ट्रिय स्तरमा संगठत हुने कार्यक्रम शुरु भएको पाइन्छ । इ.स.१९४५ मा नारी हक हितको समानता बारेमा संयूक्तसंघीय बडापत्रमा पारित भएको र त्यसको लगतै इ. स. १९४६ मा महिला पुरुषबारे बरावरी न्याला महामन्धि पारित सचेत गराएको वर्षको रुपमा इ.स १९६० मा संयूक्त राष्टसंघको इ.स. १९४६मा "महिलाको स्थिति सम्बन्धि आयोग''तय भई इ.स. १९४९मा देहव्यापार सम्बन्धि "वेश्यावृति विरुद्धको महासन्धी''पारित भयो । इ.स. १९६०मा महिला पूरुष बराबरी ज्याला महासन्धी पारित भयो ९ वर्ष पछि इ.स. १९६० मा लैङगीक असमान्तको बारेमा सचेत गराएको वर्षको रुपमा १९६० मा संयूक्त राष्ट्रसंघको महाधिवेशनले विवाह दर्ता सम्बन्धि महासन्धी पारित गरेको पाइन्छ । इ.स १९६७ मा महिला माथिको भेदभाव उन्मुलन र त्यसको ८ (आठ) वर्षपछि इ.स १०७५ मा अन्तराष्ट्रिया नारी वर्षको रुपमा लिई १० वर्षलाई "महिला दशक''को रुपमा लिईयो । यस दशकमा जोडदारका साथ धेरै कार्यक्रम, सेमिनर, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रमहरु संचालन भएको पाइन्छ । इ.स. १९९० मा "नारीको समान हक'' भन्ने नाराका साथ अगाडी ल्यायो र इ.स .२००० मा न्यूयोर्कमा महिला सम्बन्धि विशेष महासभा आयोजित हुनुले अन्तराष्ट्रिय जगतमा महिला शसक्तिकरण र लौङ्गिक समानताको अभियानमा एउटै विश्वकै महत्वपूर्ण आवजको रुपमा लिइन्छ (रेग्मी, २०६१) ।

विकासमा महिलाको कारणले सम्पूर्ण महिला वर्गालाई एउटै रुपमालिई लिङ्गिय सम्बन्धलाई वेवस्ता गरी छुट्टै रुपमा व्यवहार गरेको पइन्छ, भने विकास र महिलाको धारणाले महिलालाई विकास कार्यमा पनि सहभागि गराई महिला र विकास प्रकृयामा केन्द्रित गरी न्यायोचित उन्नतीमा जोड दिएको पाईन्छ यस बाट जातिय, वर्गिय असमानता साथै साम्प्रदायिक असन्तुलनलाई निर्मुल पार्न खोजेको पाइन्छ । इ.स. १९१८ को दसकबाट सुरु भएको लिङ्गिक र विकासले लैगिक समानता निर्माण गर्नको लागि उल्लेखित पक्षमा जोड दिएको पाइन्छ ।

महिला, पुरुष, धनी, गरीब, जाति, समुदायलाई यसले समेट्ने भएकोले क्षेत्र व्यापक रहेको महिला वर्गको समाजिक मर्यादा वृद्धिका निम्ति पुरुष वर्गलाई महिला हक र अधिकार प्रति बढि सम्बेदनशील तथा सचेत गराएको विकासका क्रममा महिला र पुरुष वीच एक अर्काको परिपुरक हुन भन्ने भावनको अभिवृद्धि गर्ने जस्ता कार्य प्रणालि अपनाउन मार्ग दर्शन गरेको यसले समाजका प्रत्यक महिला र पुरुषलाई उतिकै स्तान र इज्जत दिइनु पर्दछ र सोहि अनुरुप त्यस समाजमा जो

सवै पछौटेपन, अपहेलित र शोषित छन् । उनीहरुको उत्थानको निम्ति काम गर्ने सोही समाजका जनसमुदायको मद्धत लिनु पर्दछ भने कार्यनीतिलाई पहल गर्दछ (महिला शिक्षा, २०६१) ।

समय समापेक्ष शिक्षा विकासको क्रमसंगै औपचारिक रुपमा वि. सं. १९१०मा दरवार हाइस्कूल शूरुभई शिक्षको व्यवस्थापनमा नेपालमा शिक्षाको इस्तिहारबाट कानुनी आधारबाट अगाडि बढ्यो (काफ्ले, २०६१) । शिक्षा कानुनी प्रकृयाबाट सुरुवात भएपछि वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदनबाट शिक्षाको गुणस्तर बढाउनको लागि प्राथमिक शिक्षा देशव्यापी र सर्वशुलभ, नि:शुल्क बनाई जनसमुदायलाई न्यूनतम शिक्षा दिलाउन जोड दियो, भने यस कार्यक्रमलाई अगाडि बढाउनको लागि हजारै शिक्षक आश्यक परेको वेला आफ्नो मुलुकलाई अधि सार्ने महिलाहरु सहित अग्र छ गरी एक माहान पेशाको रुपमा शिक्षण कार्यको क्रमश विकासद्वारा तालिम भएको शिक्षक तथा तलामि लिनका निम्ति पठित व्यक्तिहरुले अहिलेको अभावलाई पूर्ति गर्ने कुरामा जोडा दियो (काफ्ले, २०६१) ।

संसदले पारित गरेको सरकारको आर्थिक वर्ष २०७१/७२ को नीति तथा कार्यक्रममा शिक्षा ऐनमा संशोधन गरिने भनिएको छ । शिक्षा ऐन संशोधन भएमा शिक्षा मा थाती रहेका कतिपय महत्वपूर्ण योजना तथा कार्यक्रम कार्यान्वयन हुने बाटो खुल्ने छ । संशोधनमा शिक्षा ऐनको यो आठौं संशोधन हुने छ ।

सरकारको आगामी वर्षको कार्यक्रमा शिक्षालाई स्तरीय र जीवनउपयोगी बनाइने, कम विद्यार्थी भएका स्कूलहरुलाई आपसमा गाभीने, शिक्षा विद्यार्थी अनुपात मिलाउने गरि दरवन्दी मिलान गर्ने भनिएको छ । छात्रछात्रा नभएर शून्य भइसकेको स्कूल समायोजन र दरबन्दी मिलान सरकारका नयाँ कार्यक्रम भने होइनन् । यी कार्यक्रम विगत देखिन नै चल्दै आएका छन् ।

सरकारको नीति कार्यक्रमा छात्रछात्रा परीक्षामा असफल भएमा अभिभावक र शिक्षकलाई जिम्मेवार बनाइने भनिएको छ । त्यस्तै सार्वजनिक स्कूलको गुणस्तर सुधार गर्नका निम्ति हरेक माध्यमिक विद्यालयमा एउटा पुस्ताकालय र ई-पुस्तकालय 'एक विद्यालय एक विज्ञान प्रयोगशाला' कार्यक्रम संचालन गर्न घोषण गरिएको छ । त्यस्तै संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयसंग सहकार्य गराई दुवैथरी स्कूलको शैक्षिक गुणस्तर एउटै बनाउनु निजी तथा सार्वजनिक साझेदारी कार्यक्रम अघि बढाइनेछ ।

निजी स्कूलको उपलब्ध गराउने निशुल्क छात्रावृद्धिमा सरकारले तोकेका विपन्न वर्गका विद्यार्थीले नि:शुल्क शिक्षा पाउने व्यवस्था मिलाउने, तथा जेहेनदार विद्यार्थीलाई उच्चशिक्षा सम्म आधारित शिक्षा पद्धती लागु गर्ने कार्यक्रम पनि सरकारको प्रथमिकतामा परेको छन् ।

साक्षर नेपाल अभियान अर्न्तगत आगमी वर्षलाई निरक्षारता उन्मुलन वर्षको रुपमा बनाइने भनेको छ । प्रविधिक विषयमा उच्चशिक्षा अध्ययनरत विद्यार्थीलाई निश्चित अवधि सम्म तोकिएको क्षेत्रमा सेवा गर्नु पर्ने व्यवस्था गर्ने, दलित, लोपोन्मुख जाति तथा मुस्लिम छात्राहरुलाई प्रविधिक शिक्षा अध्ययनमा थप पोत्साहित गरिने सरकारको कार्यक्रम परेको छ । सरकारको कार्यक्रममा शिक्षा लाई व्यवसायिक र रोजगार केन्द्रीत बनाउने छ । माध्यमिक विद्यालय देखि नै प्रविधिक शिक्षा उपलब्ध गराउने पाठयक्रम परिमार्जन गरिने, प्रत्येक निर्वाचन क्षेत्रमा कृषि लगायतका प्रविधिक विद्यालय कार्यक्रम लागु गरिने भनिएको छ ।

नेपालमा उच्च शिक्षाको माग र आपूर्तिको अनुपात अध्ययन गरिने मानव संसाधन योजना तयार गरिने, उच्च शिक्षा नीति ल्याइने तथा शैक्षिक संस्थाहरुको प्रभावकारी व्यवस्थापनको लागि विश्वविद्यालय छाता ऐन सम्बन्धी विधयेक पेश गरिने सरकारको कार्यक्रम छ (शिक्षक मासिक साउन २०७१) ।

शिक्षा मानव जीवनको आधारभूत पक्ष हो । राष्ट्रिय विकासको मेरुदण्ड हो । मानिसको व्यक्तित्वको विकास र उन्नयनको आधार हो । शिक्षाको माध्यमबाट नै मानिसले आफू बाँचेको संसार र समाज बुझ्न क्षमताको विकास गर्छ । आफूलाई अरुलाई परिवर्तन गर्ने प्रेरणा र ज्ञान आर्जन गर्न सक्छ । अशिक्षा अन्धकार हो अन्धकारले जीवन र जगतलाई हेर्न, देख्न र बुझ्नबाट वञ्चित गर्दछ । तर, दुभार्ग्य हाम्रो समाजको आधा भन्दा बढी जनसङ्ख्या यही अन्धकार को बीचमा छ । सरकारका नीति र कार्यक्रमहरु निरक्षरता उन्मूलन तर्फ उन्मुख रहेपनि अझै ठूलो सङ्ख्यामा नेपालीहरु निरक्षर छन् । निरक्षर हुनेहरुमा महिला, पिछडिएका जनजाति, दलित समुदय र विपन्न वर्ग नै सबैभन्दा वर्ग पर्दछन् । यर्थातमा हो भने शिक्षा माथिल्लो र संभ्रान्त वर्गमा मात्र सीमित छ । हुने पुग्नेका छोराछोरीहरु स्वदेश र विदेशका साधन सम्पन्न विद्यालयहरुमा अध्ययन गर्दछन् ।

एकातिर शिक्षाका समान र न्यायोचित वितरणको चुनौति आफ्नै ठाउँमा छ, अर्कोतिर उत्पादित जनशक्ति राष्ट्रिय आवश्यकता अनुरुप बजारसंग सम्बद्ध छैन । तल्लो स्तरदेखि माथिल्लो स्तरसम्मका शिक्षण संस्थाहरु बजारसित सम्बद्ध र अनुत्पादक बेरोजगार जनशक्ति निर्माणका स्रोत र केन्द्र बनेका छन् । शिक्षाले न मुलुकको माटो र श्रमलाई सम्मान गर्ने मानसिकताको विकास गराउन सकेको त न गरिबी, जनसङ्ख्या वृद्धि, बेरोजगारी, वातावरण प्रदूषण, लैङ्गिक असमानता र जातीय विभेद जस्ता विषयहरुमा ध्यान केन्द्रित गर्न सकेको छ। त्यसैको पनि वर्तमान शिक्षा प्रणालीमा देखिएको निजि र सरकारी क्षेत्रको असमान गुणस्तरले अर्को कल्पनै गर्न नसकिने सामाजिक विषयता निम्त्याउँदै गइरहेको छ । २०२८ साल भन्दा पूर्व विद्यालयहरुको स्थापना गर्ने,

व्यवस्थित गर्ने र आर्थिक लगानी गर्ने काम समुदायकै अग्रसरता र दायित्वमा गरिन्थ्यो ,केवल नपुग लगानी मात्र सरकारले बेहोर्ने परम्परा थियो । शिक्षासंगको संलग्नमा सामाजिक सेवासंग आवद्ध थियो । तर नयाँ शिक्षा लागू भएपछि सामाजिक सेवामा निजि क्षेत्रको अन्त्य हुन पुग्यो । आज व्यापारिक निजी क्षेत्र मुलुकमा क्रियाशील छ । तलदेखि माथिसम्मका निजी क्षेत्रका शिक्षण संस्थाहरु व्यापारीकरण र बजारीकरण भएको छन् । शिक्षा को यो व्यापारीकरणले "उच्च वर्गका लागि विदेशमा" उच्च मध्यम वर्गका लागि स्वदेशका सुविधा र साधन समपन्न निजी स्तरका शैक्षिक संस्थाहरुका लागि, मध्यम वर्गका लागि सरकारी संस्थाहरुमा र गरिब तथा अति गरिबीहरुको लागि विद्यालय र कुनै ढाँचा नै नहुने " अवस्थातिर धेकेलिरहेको छ ।

वर्तमान अवस्थामा नेपालको शिक्षा प्रणाली ँशिक्षा सार्वजनिक सेवा हो, सबै तह, वर्ग र वर्गका नागरिकहरुलाई शिक्षा को अवसर वितरण समान र न्यायपूर्ण किसिमले हुनुपर्दछ भन्ने अवधारणमा भन्दा शिक्षा लाई बजारमूखी बनाउने र ँजसले जति राम्रो शिक्षा आर्जन गर्न खोज्छ त्यस्तो शिक्षा त्यस्तो शिक्षा उसले आर्जन गर्न पाउनेपर्छ " भन्ने अवधाराणा विकसित हुँदै जानुपर्छ (काफ्ले, ढकाल र अधिकारी, २०६८) ।

नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य ३१. शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षा मा पहुँचको हक हुनेछ, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको निःशुल्क पाउने हक हुनेछ । त्यस्तै अपाङगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बामोजिम उच्च शिक्षा पाउने हक हुनेछ, दृष्टिबिहीन नागरिकलाई ब्रेललिपि तथा र बैरा र स्वार र बोलाई सम्बन्धी अपाङगता भएका नागरिकलाई सांकेतिक भाषाकको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ले र संचालन गर्ने हक हुनेछ भनि व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२) ।

त्यस्तै महिलाको हक सम्वन्धमा नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको ३८. मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ , महिलालाई सुरक्षत मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ , महिला बिरुद्ध धार्मिक, सामजिक, संस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शरीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ती माग्ने हक हुनेछ । राज्यका सबै निकायमा महिलालाई

समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ, महिलालाई शिक्षा , स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ (नेपालको संबिधान, २०७२) ।

अन्त्यमा भन्नु पर्दा पुरूष शिक्षकको जति आवश्यकता छ उतिकै महिला शिक्षकको आवश्यकता पनि अपरिहार्य छ । एक हातले ताली बज्दैन भने जस्तै दुवैको संयुक्त सहयोगबाट विद्यालयको सिकाइ वातावारण शोभामय बन्दछ । यसर्थ महिला शिक्षकको शिक्षण सिकाइमा उल्लेखनिय प्रभाव परेको ठहर गर्न सकिन्छ ।

१.२ समस्याको कथन

बालबालिकाको पहिलो पाठशाला घर भने आमा पहिलो शिक्षिका हुन् । विद्यायल त दोस्रो पाठशाला हो । शिक्षा ले व्यक्तिलाई सभ्य बनाउछ । शिक्षित आमाबाट बालबालिकाले असल संस्कार सिक्न सक्छन् । जहाँ विद्यालय पनि एक प्रकारको संस्कार नै हो । विद्यालयमा महिला शिक्षकको कोटा शिक्षा नियावली २०५९ को तेस्रो संसोधनको प्रावधान अनुसार प्रत्येक प्राथमिक विद्यालयमा तीन जनासम्म शिक्षक दरबन्दी भए कम्तिमा एक जना महिला शिक्षक सात सम्म दरबन्दीभए कम्ति दुई महिला शिक्षक र सोभन्दा बढी शिक्षक दरबन्दी रहेको प्राथमिक विद्यालयमा कम्तिमा तीन महिना शिक्षकको पद रहने व्यवस्था रहेको छ ।

यस प्रावधान अनुसार पुरुष शिक्षक कार्यरत विद्यालयमा कुनै कारणबाट शिक्षक पद रिक्त हुन आएमा महिला शिक्षक नियुक्ति गर्ने व्यवस्था गरिने छ । यसका लागि महिना शिक्षक भएका र नभएका विद्यालयहरुको अभिलेख तयार गरिने छ । नीति नियममा जे भए पनि जुन काफी छैन, विद्यालयको चौथर्फी विकासको लागि साथै बालबालिकाको उज्जवल भविष्यको लागि पुन ती नियमको दायरा फराकिलो बनाउनु पर्छ । विद्यालयमा महिला शिक्षक नहुँदा विद्यार्थीहरुमा खल्लोपन छाउँछ । महिला ममतामयी, हृदयकीखानी, सहनशिल, सुशिल, इमानदारीता, कर्तव्यनिष्ट आदि गुणहरु विद्यामान पाउन सकिन्छ । प्रकृतिकले जुन वरदान स्वरुप दिएको छ । जुन जन्मसिद्ध लिएर आएकी हुन्छिन् । सोही बमोजिम महिला शिक्षिकाबाट बालबालिकाहरु अध्ययनमा आकर्षित हुन्छन् । हिजो आज समाजमा सामाजिक हिंसामा पुरुष शिक्षक अछुतो छैन । जसमा कलिला बलबालिको मानस पटलमा कस्तो छाप पर्छ सो राक्षसी व्यवहारले ? तसर्थ विद्यालयमा महिला शिक्षक नहुँदा ठूलो समस्या खड्किन्छ ।

अध्ययनले देखाएको, पत्रपत्रिकाबाट पढ्न, देख्न हेर्न सकिन्छ । तसर्थ आफन्त र शिक्षकबाट बढी बालबालिकाहरु यौन हिंसाबाट ग्रसित हुन्छन् । उनीहरुले आफूले पाएको याचना पुरुष

शिक्षकलाई भन्नलाई लजाउछन्, डराउछन् त जुन हिंसा नभनेपछि बढ्दै जान्छ । फलस्वरुप उनीहरुको सिकाइमा दुरगामी असर पर्छ र शैक्षिक स्तर खँच्किन्छ । महिला शिक्षकलाई आमा सरह सम्झेर, सजिलै मनमा कुरा भन्न सक्छन् । यस अध्ययनमा जबसम्म सिङ्गो राष्ट्रको शैक्षिक स्तर न्यून हुने हुँदा यसको लागि शिक्षा मा सुधार गर्ने अहमभूमिका महिला शिक्षकको हुन्छ भन्ने शोधकर्ताको ठहर छ ।

विद्यालयमा देखिएको वर्तमान शैक्षिक अवस्थालाई हेर्दा अरु विषयवस्तु भन्दा यो समसामयिक जटिल तथा निष्कर्षमा पुग्न यूक्तिसंगत ठानेको छु । यस तहमा महिला शिक्षकको सहभागी वृद्धि गरेपछि उनीहरुले प्रभावकारी शिक्षण गर्न सक्षम छन् आदि जस्ता प्रश्नको सेरोफेरोमा रहेर शोधकर्ताले समस्याको रुपमा निम्न अनुसार उठाएको छ ।

१. प्रा. वि तहमा महिला शिक्षकको सहभागिता कस्तो छ ?

१.यस तहमा महिला शिक्षकको शिक्षण कार्य प्रभावकारी छ ?

२.महिला शिक्षकको व्यवस्थाले छात्राको भर्नामा कस्तो प्रभाव पारेको छ?

४.महिला शिक्षकको शिक्षणमा देखिएका समस्याहरु के-के हुन् ?

१.३. अध्ययनका उद्देश्यहरु

यस अध्ययनको निम्न बमोजिमका उद्देश्यहरु राखिएका छन् :

१. प्रथमिक तहमा महिला शिक्षकको उपस्थिति पहिचान गर्ने ।

२. महिला शिक्षकले शिक्षणले पारेको प्रमाव केलाउन ।

३. महिला शिक्षकको शिक्षणबाट छात्रा-छात्रको उपलब्धि स्तर तुलना गर्न ।

४. महिला शिक्षकको सहभागिता बढाउने उपायहरू खोजि गर्नु ।

१.४ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनको लागि निम्न बमोजिमको अनुसन्धानात्मक प्रश्नहरुको आधार मानिएको छ । जुन यस प्रकार छ ।

१. प्रथमिक तहमा महिला शिक्षकहरुको सङ्ख्यात्मक अवस्था कस्तो छ ?

२. महिला शिक्षकहरुको शिक्षणमा उपस्थिति दर कस्तो छ ?

३. महिला शिक्षकहरु र पुरुष शिक्षक विच शिक्षणमा के फरक छ ?

४. महिला शिक्षकले शिक्षण गर्दा छात्राहरुको कस्तो अनुभव गर्दछन ?

५. महिला शिक्षक सम्बन्धी कानुनमा के के व्यववस्था गरेको छ ?

६. महिला शिक्षकले शिक्षण गर्दा प्रथमिक तहमा कतिको प्रभावकारी हुनछ ?

७. महिला शिक्षकको सहभागिता बढाउन के के गर्नु पर्दछ ?

८. महिला शिक्षकको शिक्षणमा देखिएका समस्याहरु के -के हुन् ?

९. महिला शिक्षकको शिक्षण कार्यमा भएका समस्या समाधानका के-के उपाय अपनाउन सकिन्छ ?

१.५. अध्ययनको महत्व

शिक्षा विकासको मेरुदण्ड भएको कारण शिक्षणलाई प्रभावकारी बनाउनको लागि शैक्षिक सामाग्रीको स्थान महत्वपूर्ण मानिए झैं शिक्षा क्षेत्रमा महिला शिक्षकको भूमिका पुरुष शिक्षकको भन्दा कम छैन । उखान छ पुरुष शिक्षित भए स्वयम आफू मात्र तर महिला शिक्षित भई पुरै परिवार शिक्षित रहन्छ । तसर्थ यस अध्ययनबाट महिला शिक्षकको पहुँचमा बृद्धि भई शिक्षामा लैङ्गिक समानता तथा शैक्षिक विकास गर्ने थप आधार प्रदान गर्दछ ।

महिला शिक्षक भएका विद्यालयमा बालिकाहरुको भर्ना र टिकाउपन वृद्धि हुनभन्ने कुरा विभिन्न अध्ययनबाट प्रमाणित भइसकेको छ । बालिकाहरुले आफ्नो प्राकृतिक समस्यालाई महिला शिक्षकसंग व्यक्त गर्न सजिलो मान्ने र महिलाले महिलाको समस्या बुझी बालिका मैत्रीपूर्ण वातावरण सिर्जना गर्न सजिलो पर्ने र उनीहरुले बढी सुरक्षित भएको अनुभव गर्न सक्ने हुनाले विद्यालयमा बालिकाको सहभागिता बढाउन प्राथमिक देखि माध्यमिक (माथिल्लो) तहसम्म महिला शिक्षक व्यवस्था भएको छ ।

शिक्षामा भएको आमूल परिवर्तन संगै प्रा.वि. तहमा रहेको महिलाको न्यून उपस्थिति बढाउनको लागि निति नियमको आधारमा प्रा.वि. तहमा महिलाको सहभागिताको अवस्था र प्रभाव पत्ता लगाउन सकिन्छ । यसबाट महिला शिक्षकको पहुँचमा बृद्धि भई शिक्षा क्षेत्रमा पनि लैङ्गिक समानता तथा शैक्षिक विकास गर्न सहयोग पुग्दछ ।

यो सोधकार्यबाट शिक्षा क्षेत्रको महानुभावहरुलाई प्राथमिक तहमा महिला शिक्षकको बारेमा थाहा हुन्छ । यसबाट शिक्षण तथा विद्यालयमा पारेको प्रभावको बारेमा तुलनात्मक अध्ययन गर्न सहयोग गर्दछ । यस अध्ययनबाट शैक्षिक योजनाकार, शिक्षक, अभिभावक तथा शिक्षासंग सम्बन्धित कक्षाहरु लगायत अन्य महानुभावहरुलाई कम भए पनि प्रा.वि. तहमा महिला शिक्षकको वर्तमान अवस्था यसबाट शिक्षणमा पार्ने प्रभावको बारेमा अध्ययन गरि भावी योजनाको निर्माणमा सहयोग गर्दछ ।

१.६. अध्ययनको परिसीमा

यस अनुसन्धान परिसीमा अनुसन्धानकर्ताको सीमित साधन र स्रोत र समयको बीच यो अनुसन्धान सञ्चालन गरिएको छ । यस अध्ययनलाई इलाम जिल्लाको चुलाचुली स्रोत केन्द्रको ३४ वटा विद्यालय मध्ये १० वटा सामुदायिक प्राथमिक विद्यालयहरु भित्र यस अध्ययनलाई परिसीमित गरिएको
छ ।

१.७.प्रयोग भएका परिभाषित तथा प्राविधिक शब्दहरु

ऐन	:	शिक्षा ऐन २०२८ को संशोधन सहित
नियमावाली	:	शिक्षा नियमावली २०५९ को संशोधन सहित
विद्यार्थी	:	सामुदायिक प्राथमिक तहका विद्यार्थी
शैक्षिक स्तर बृद्धि	:	शिक्षामा महिला सहभागिता बृद्धि गरी देश विकास गर्ने क्रममा महिला शिक्षा अर्न्तगत संचालित कार्यक्रम
स्रोत केन्द्र	:	शिक्षा नियमावली बमोजिम स्थानीय स्रोत केन्द्र
प्रा.वि.	:	प्राथमिक विद्यालय
नि.मा.वि.	:	निम्न माध्ययमिक विद्यालय
मा.वि.	:	माध्यमिक विद्यालय
कक्षा दोहोऱ्याउने अवस्था	:	एउटै कक्षामा २ का सो भन्दा शै.स. सम्म अध्ययन गर्ने विद्यार्थीको अवस्था विचैमा कक्षा छोड्ने अवस्था पढाई सञ्चालनको क्रममा विद्यालय छोडी ५ पढाइबाट बन्चित बनेको विद्यालयको अवस्था ।

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

यस अध्ययन कार्यमा राखिएका उपयुक्त शीर्षकको उद्देश्यहरू लक्ष्यन्मुख बनाउनको निम्ति साथै यो शोधकार्यलाई शोभामय बनाउनको निम्ति थप सहयोगि सन्दर्भ सामग्रीको आवश्यकताको रूपमा सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचाले यस शोधकार्यलाई सहयोग प्रदान गर्दछ ।

२.१.सम्बन्धित साहित्यको पुनरवलोकन

"नेपालमा महिलाको स्थिति" नामक शिर्षकमा लेख्नु भएको लेखमा लेखिकाले राखेका उद्देश्यहरु नेपालमा वर्तमान अवास्था, महिला विकासमा भएका समस्या तथा समाधनको उपाय जस्ता अद्देश्यहरुलाई आधार बनाई गर्नु भएको अध्ययनबाट कारक तत्वको रुपमा अशिक्षा, गरीबी, चेतनाको कमी परम्परागत सोच, भेदभाव आदि रहेको निष्कर्ष निकाल्नु भएको थियो । जुन समस्यलाई समाधान गर्नका लागि लेखिकाले महिला शसक्तिकरण र लैङ्गिक समानता सम्बन्धी विविध कार्यक्रम संचालन गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट पनि समन्वयत्मक रुपमा पहल गर्नु पर्ने सुझाब लेखिकाले दिएको पाइन्छ, रेग्मी (वि.स. २०६१) ।

यस अध्ययनमा शोधकर्ताले नेपालमा महिलाको वर्तमान अवस्था महिला विकासमा भएको समस्य तथा समाधानको उपाय जस्ता उद्देश्यहरुलाई आधार बनाई गर्नुभएको अध्ययनबाट कारकतत्वको रुपमा अशिक्षा, गरीबी, सामाजीक कुरीति जस्ता कार्यक्रमको आधारमा मात्र समस्या समाधान हुने सुझाव पाइन्छ ।

"महिलाको शैक्षिक अवस्था" एक अध्ययनको शोधपत्र सुर्खेत जिल्लामा महिलाको शैक्षिक अवस्थामा पत्ता लगाउनको लागि विद्यालयमा छात्राको सहभागिता पहिचान गर्ने, न्यून रहेको कारण पत्ता लगाउन तथा समस्या समाधान गर्ने उपाय पत्ता लगाउन जस्ता उद्देश्यहरुको प्रयोग भएको अध्ययनमा छात्राको शैक्षिक अवस्थामा प्रा.वि भन्दा माथिल्लो तहमा कम उतीर्ण रहेको साक्षरता दर न्यून रहेको शिक्षामा अभिभावकको कम बुझाई भएको साथै बिषयगत अध्ययनमा गणित अंग्रजीमा न्यून रहेको निष्कर्ष रहेको निकाल्नु भएको छ । यस्तो अवस्थामा रहेको सुर्खेत जिल्लको छात्राको शैक्षिक अवस्थालाई सुधार गर्नको लागि शोधकार्तले छात्राको निश्चित तह सम्म निःशुल्क हुनुपर्ने अनिवार्य र सर्वशुलभ शिक्षा हुनेपर्ने राष्ट्रिय विकासको मूलधारमा महिलालाई ल्याउनपर्ने,

शिक्षणमा महिलालाई संरक्षण/आरक्षणमाा सुधार ल्याउनुपर्ने, नारी उत्थान नारी शिक्षाका लागि सरकारी नीति नियम तथा जनचेतना सुधार ल्याउनुपर्ने जस्ता सुझावहरु उल्लेख गर्नुपर्ने रहेको छ (सापकोटा, २०६०) ।

यस अध्ययनमा महिलाको शैक्षिक अवस्था अध्ययन गर्ने क्रममा विद्यालयमा छात्राको सहभागिता पहिचान गर्ने, न्यून रहेको कारण पर्ता लगाई समस्या समाधान गर्ने उपाय पत्तालगाउन जस्ता उद्देश्यहरुको प्रयोग गरेको थियो जसमा प्रा.वि भन्दा माथिल्लो तहमा कम उतीर्ण साथै गणित र अग्रेजीमा न्यून उतीर्ण पाइयो । जसमा सुधार गर्न नि: शुल्क शिक्षा, संरक्षण आरक्षण नारी उत्थान नीति नियममा सुधार जस्ता सुझाव पाइन्छ ।

"प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपातले शैक्षिक उपलब्धीमा पारेको प्रभाव एक अध्ययन" शीर्षमा लेखिएको शोधपत्र मकवनपुर जिल्लामा शिक्षक तथा विद्यार्थीको अवस्था पत्ता लगाउन सोको आधारमा शिक्षकको गुणस्तर पत्तालगाउन साथै देखिएको समस्यालाई समाधान गर्न उपाय पत्ता लगाउने जस्ता उद्देश्यका आधारका गर्नु भएको अध्ययनमा शिक्षक विद्यार्थीको अनुपात असमाना रुपमा रहेको निष्कर्ष निकाल्नु भएको छ यसको कारक तत्वको रुपमा शिक्षा ऐन तथा नीयमावलीमा दरवन्दी मिलानको अवस्थ भए पनि यसमा सवै विद्यालयमा आवश्यक पूर्वधार शैक्षिक वातावरण तथा खुल्ला प्रतिष्पर्धको वातावरणको कमि भएको साथै विद्यालय तथ्याङ्क फारमको आधारमा सम्बन्धीत विवाहको फितलो मुल्याङ्कन हुनु सो को आधारमा अप्रभावकारी रुपमा कार्यन्वयन गर्नुले नै असमान रहेको देखाउनु हुन्छ (शर्मा, २०६१) ।

यसतो शैक्षिक अवस्थाको जटिल समस्यालाई समाधान गर्नको प्रभावकारी रुपमा दरवन्दी मिलान गर्नु पर्ने, प्रतिष्पर्धात्मक रुपमा वालमैत्रि वातावरणबाट विद्यार्थी केन्द्रीत विधिलाई पूर्ण परिक्षा, निर्माणात्मक, निर्णयात्मक र निदानात्मक परीक्षाका आधारमा मूल्याङ्कन गर्नु पर्छ साथै सवै सरोकारवालाई प्रयोग गरी अतिरीक्त कक्षालाई समेत व्यवस्थापन गरी शैक्षिक उपलब्धी राम्रो बनाउनु पर्ने सुझाव पाइन्छ ।

महिला विकास तथा शिक्षाको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा भएको कार्यहरूको साथै नेपालमा पनि युनिसेफले ल्याएको परियोजनाबाट महिलाहरूको शिक्षामा समान अवसर कार्यक्रमको उद्देश्यका आधारमा शिक्षक प्रशिक्षण कार्यक्रम मार्गदर्शन गरेको साथै यसले समाजका प्रत्येक महिला र पुरुषलाई उतिकै स्थान र इज्जत दिनु पर्दछ र सोहि अनुरुप त्यस समाजमा जो सवै पछौटेपन, अपहेलित र शोषित छन् । उनीहरूको उत्थानको निम्ति काम गर्ने सोहि समाजका जनसमुदायको मद्धत लिनु पर्दछ भने कार्यनीतिलाई पहल गर्दछ (महिला शिक्षा, २०६१)

महिला र पुरुषलाई उतिकै स्थान र सम्मान गर्नु पर्दछ । महिलाहरू पुरुषको तुलनामा हरेक क्षेत्रमा पछि छन् । यसर्थ राष्ट्रिय र अन्तराष्ट्रिय स्तरवाट नै उनीहरूको जीवन स्तर माथि उठाउन मद्धत गर्नु पर्दछ भन्ने सुझाव पाईन्छ ।

नेपालमा नारी शिक्षाको शंखनाद गर्नका लागि कन्या पाठशालाको रूपमा श्रीमति चन्द्रकान्त मल्लको साहासी कार्यले वि.सं. २००७ सालमा ०.७% महिला साक्षरता रहेको पाइन्छ (शर्मा, २०६०) । यो प्रतिशत वि.सं. २०३८ सालमा ३.९% रहन गयो । यसरी हुदै आएर वि.सं. २०५८ सालमा महिला साक्षरता ४२% रहन पुगेको छ । साक्षर आमा तथा शिक्षित महिलाको वृद्धिको साथै विद्यालय शिक्षाको प्राथमिक तहमा छात्राहरू संङ्ख्या क्रमिक रूपमा वृद्धि हुदै गरेको पाइन्छ । यसलाई अझ प्रभावकारी रूपमा वृद्धि गराउन प्राथमिक शिक्षाको गुणस्तर वढाउनको लागि सरकारले शिक्षा बजेटको करिव ६०% को हाराहारीमा लगानि गरी आधारभूत साक्षरता हासील गर्ने, अधिकतम सहभागित गराउन तथा शैक्षिक उपलब्धीलाई वढाउनका लागि प्रा.वि. तहमा निःशुल्का शिक्षा, अनिर्वाय शिक्षा, सर्वसुलभ शिक्षा दिनका लागि शिक्षक तालिम, छात्रवृति विद्यालय व्यवस्थापन तथा गुणस्तर वृद्धि गराउन सवै कार्यक्रमहरू सरकारले जिम्मा लिएको र सञ्चालन गरेको भएपनि शिक्षा प्रतिको सुझाव, शैक्षिक गुणस्तर तथा उपलब्धिमा खासै सकारात्मक परिवर्तन आउन नसकेकोले विकल्पको रूपमा प्रभावकारी बनाउनको लागि विद्यालयमा महिला शिक्षक बढाउने योजना ल्याएको पाइन्छ । शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को तेस्रो शंसोधनको नियम - को अनुसार प्रत्येक प्राविमा न्यूनतमा एक जना महिला दरवन्दी अनिवार्य हुनुपर्ने तथा सो भन्दा बढी दरवन्दीको आधारमा ३ वटा भएमा कम्तिमा एक जना रहनु पर्ने तथा दरवन्दीको आधारमा संख्या वढाउनुपर्ने प्रावधान ल्याएको पाइन्छ (शिक्षा नियमावली २०५५९) । विशेष गरि प्राथमिक तहमा वालवालिकाको भावनालाई कदर गराउदै वालवालिकाको शिक्षणमा प्रभावाकारी बनाउको लागि महिला शिक्षकको सकारात्मक भुमिका रहन सक्ने विश्वास गरिन्छ । २१ औ शताब्दीमा पनि विभिन्न खालका समस्याबाट जकाडिएको हाम्रो मुलुकले विभिन्न राष्ट्र तथा अन्तराष्ट्रिय क्षेत्रमा आफ्नो सहभागिता जनाई प्रतिवद्धता जाहेर गरि विभिन्न खालको योजना पाइन्छ । तर योजनाको कार्यान्वयन उपउक्त तरिकाबाट लागु हुन सकिरहेको छैन । अझैसम्म कृषिमा बढी सहभागिता रहेको र अन्य क्षेत्रमा महिला शसक्तिकारण कार्य सम्बन्धि धेरै आवाज उठिरहेको पाइन्छ । यसलाई सिद्धान्तका रूपमा मात्र स्वीकार नगरि यसलाई व्यवहारिक प्रयोग गरिनु पर्दछ (शर्मा,२०६०) ।

प्रजातन्त्रको उदयसंगै महिला साक्षरत वृद्धि हुने क्रम बढ्दो छ जहाँ सन्तोषजनक परिणाम मान्नु पर्छ । शिक्षा ऐन, नियमावली, योजना तथा आयोग, विभिन्न परियोजना आदिले महिला साक्षरता बढाउनको लगि विशेष पहल कदमि चाल्दै आएको सुझाव
पाइन्छ ।

"माध्यमिक तहको विद्यालयीय शिक्षा मा छात्रा सहभागिता एक अध्ययन " शीर्षकमा लेखिएको शोधपत्रमा दैलेख जिल्लाको माध्यमिक तहमा छात्राको अवस्था पहिचान गर्न, छात्रा न्यून रहनुको कारण पत्ता लगाउन तथा सहभागिता बढाउने उपाय पत्ता लगाउने जस्ता उद्देश्यलाई समेटी शोधकर्ताले अध्ययनबाट प्राप्त स्रोतको आधारमा छात्रको तुलनामा छात्राको संख्या न्यून रहेको भए पनि छात्रा सहभागिताको अवस्था बर्षनी रुपमा बढ्दो अवास्थामा रहेको देखाएको छ । तुलानात्मक रुपमा न्यून रहनुमा छात्राहरुमा महिला चेतनाको कमी, लैङिक आर्थिक अवस्थामा कमी हुन घर धन्दामा बढी संलग्न रहनु राष्ट्रिय तथा सामाजिक असुरक्षा जस्ता कारक तत्वहरु रहेको उल्लेख गर्नु भएको छ भने "आदर्श राज्य निर्माणको लागि महिलालाई शिक्षा" प्लेटो लैङिक सचेतना, रोजगारीमा अवसर र राज्यनीतिमा सहभागिता बढाउनुपर्ने जस्ता सुझब दिएको पाइन्छ (उपाध्याय,वि.स.२०६२) ।

दैलेख जिल्लाको माध्यमिक तहमा छात्राको अवस्थामा पहिचान, न्यून रहनुको कारण पत्ता लगाई आगमी दिनमा छात्रा सहभागिता बढाउने उपाय पत्ता लगाउने जस्ता उद्देश्यलाई बढाइएको थियो । त्यस्तै छात्रको तुलनामा छात्रा न्यून हुनुको कमीकमजोरी पहिल्याई सोको समाधान भएमा मात्र छात्रा सहभागिता बढ्ने सुझाबा दिएको पाइन्छ ।

"शिक्षण पेसामा महिलाको प्रवेश"शीर्षकमा लेख्नु भएको लेखमा शिक्षण पेशामा महिलाको प्रवेशको क्रम तथा यसबाट शिक्षणमा प्रभावकारिता तथा तुलानात्मक अवस्था जस्ता उद्देश्यहरुको प्रयोग गरी तयार गर्नु भएको लेखबाट महिलाहरुको सहभागिता तथा प्रवेश दुवै न्यून रहेको निष्कर्ष निकालेको छ । अनुपातमा सबै भन्दा बढी श्रीलङकामा ८० प्रतिशत महिलाहरु पुरुषको अनुपातमा शिक्षण पेशामा लागेको उल्लेख छ । नेपालमाा महिला पुरुष भन्दा केही संख्यात्मक रुपमा बढी भएता पनि पितृसतात्मक रुपमा समाजको प्रतिविम्भ भएकाले व्यवहारमा गम्भीर संबेदनशील रुपमा असमानता रहेको कुरा उल्लेख छ । यस्तो लेखबाट लिइएको निष्कर्षबाट लेखिकाले सुधार गर्नका लागि प्रभावकारी बढाउन शिक्षणमा सहभागिता बढाउन सरकारले विशेष योजना ल्याउनु पर्ने सुझाब दिनु भएको छ (ओझा, २०६१) ।

शिक्षणमा प्रभावकारीता तथा तुलानात्मक अवस्था जस्ता उद्देश्यहरुको प्रयोग भई सोबाट निष्कर्ष थियो महिलाहरुको सहभागित न्यून रहेको सार्क राष्ट्रहरुको तुलनामा श्रीलङकामा ८० प्रतिशत महिलाहरु पुरुष सरह शिक्षण पेशामा आवद्ध रहेको पाइन्छ । नेपालमा समाजिक बिभेदको कारण चाहे जस्तो उत्थान नभएको जसलाई सुधार गर्न सरकारी निकायबाट विशेष योजन ल्याउनुपर्ने सुझाब पाइन्छ ।

निजामती सेवा अध्यादेश (२०५९) को दोस्रो संशोधनले महिलाहरुको सहभागिता निजामति सेवामा बढी गराउन तथा प्रभाव बढाउनका लागि विशेष व्यवस्था गरिएको पाइन्छ । यसमा ४० वर्ष सम्म पनि महिलाले निजामति सेवामा उम्मेरद्वार बन्न पाउने व्यवस्था दफा १०को उपदफा १०मा उल्लेख छ । महिला कर्मचारी नियुक्ति पछि परिक्षण काल ६ महिना सम्म मात्र रहने कुराको व्यवस्था दफा १६मा रहेको छ । यसैगरी महिला निजामती कर्मचारीको हकमा तोकिएको सेवा अवधि भन्दा १ वर्ष कम सेवा अवधि पुगेको भए पनि बढुवाको सम्मान्य उम्मेरद्वार बन्न पाउने व्यवस्था दफा २१को उपादफा २ मा उल्लेख रहेको छ । साथै कर्मचारी (महिला) गर्ववती भएमा दुई वटा बच्चा भए सम्म निजले अघिपछि ६० दिनको विदा पाउने र जोको पुरै तलब पाउने व्यवस्था भएको उल्लेख छ (शिक्षा ऐन २०५९) ।

यस नियवालीको अध्ययनमा शिक्षा र निजामती सेवामा समेत महिलाहरुको सहभागिता बढाउन साथै नियूक्ति गर्न समेत प्रसस्त सेवा सुबिधा हुदै पनि जति महिलाहरुको सहभागिता हुनु पर्ने हो न्यून नै रहेको सुझाव पाइन्छ ।

लैङिक विकासका लागि बालिका शिक्षा को रणनीति तथा कार्यन्वयन योजना महिला शिक्षक भएका विद्यालयमा बालिकाहरुको भर्ना र टिकाउपन वृद्धि हुन्छ भन्ने कुरा विभिन अध्ययनबाट प्रमाणित भइसकेको छ । बालिकाहरुले आफ्ना प्रकृतिक समस्यालाई महिला शिक्षकसंग व्यक्ति गर्ने सजिलो मान्ने र महिलाले महिलाको समस्या बुझी बालिका मैत्रीपूर्ण वातावरण सिर्जना गने सजिलो हुने र उनीहरुले बढी सुरक्षित भएको अनुभव गर्ने सक्ने हुनाले विद्यालयमा बालिकाको सहभागिता बढाउन प्राथमिक देखि माध्यमिक विद्यालय तहसम्म महिला शिक्षक व्यवस्था गरिने छ । (लैङिक समविकासका लागि बालिका शिक्षा को रणनीति तथा कार्यन्वयन योजना २०६३)

यस अध्ययनमा विद्यालय तहमा महिला शिक्षकमा बालबालिका भर्ना र टिकाउपन वृद्धिभई उनीहरुले आफ्ना जन्मसिद्ध प्राकृतिक समस्यालाई महिला शिक्षक सम्म व्यक्ति गर्न सजिलो भई विद्यालय माहिलाका मैत्रीपूर्ण वातवरण सिर्जना भई आफूलाई सुरक्षित भएको अनुपातको कारण प्रा.बि सम्म महिला शिक्षक अनिवर्य सुधाव पाईन्छ ।

माथि उल्लेख सबै बैचारिक र सम्बन्धित साहित्यहरुको यो शोधकार्यसंग ज्यादै नजिकको सम्बन्ध छ । यसले गर्दा महिला शिक्षकको सहभागिता तथा शिक्षणमा प्रभावको बारेमा अध्ययन गने थप बल पुग्ने देखिएता पनि उल्लखित साहित्यहरुको भने यस शोधपत्रको लागि सहयोगी मात्र रहने छ । शोध शिर्षकको आधारमा गरिएको महिलाको अवस्था वर्तमान समयमा तथा शिक्षणको प्रभावको बारेमा भन्ने समाधान हुन नसकेको हुनाले यसशोध कार्यबाट पूरा हुने विश्वास लिइएको पाइन्छ ।

२.२ सैद्धान्तिक /अवधारात्मक ढाँचा

प्रकृति तथा सहभागिता उन्मुख सिद्धान्त विकास आर. आर. स्टेक तथा अन्य साथिहरुले (इ.स. १९६७-८०) मा गरेका हुन् । यस विधिवाट शैक्षिक उद्देश्यको जाँच,मूल्याङ्कन सामग्रीको विकास, मूल्याङ्कन सामग्रीमा सुधार आदि सम्पूर्ण कार्यमा कुनै पनि कार्यक्रमको वास्तविक स्थिति तथा सहभागिताको अनुभव, कार्यक्रमको मानवीय तत्वहरुको राय, कार्यक्रमको सम्पूर्ण वास्तविक कार्य जस्ता नयाँ नयाँ सिद्धान्त र अवधारणा प्रयोग भएको उल्लेख छ । यस्तो कार्यमा पुराना प्रचलित मूल्याङ्कन विधिले वास्तविक आधार दिन नसकेको हुनाले यो विधिको विकास र प्रयोग अगाडि आएको हो (खनाल, २०६६) ।

प्राकृतिक तथा सहभागिता उन्मुख विधिले कुनै पनि खोजको प्रक्रियामा जाँदा स्थानीय तहमा पुगी आवश्यक प्रत्यक्ष अवलोकन अनुसन्धान गर्दछ । यस्तो कार्य गर्दा अवलोकनकर्ताले पूर्ण निर्धारित विधि, सामग्रीहरुको प्रयोग विना कुनै विषयमा तत्कालिन अवस्थाका वारेमा तत्कालिन विधिको प्रयोग तथा प्रक्रियाहरु सुरु गर्नुपर्ने उल्लेख छ । यस्तो कार्यवाट मात्र हालसम्म पनि महिलाको भूमिका पत्ता लगाउन नसकेको शिक्षणमा महिला शिक्षकको भूमिकाको वारेमा पनि यथार्थता पत्ता लगाउन सकिन्छ ।

यसैगरी हरेक परिवारको चिन्तन सुधार्न प्रत्येक व्यक्ति सुधनुपर्ने अनिवार्यता छ । विशेष गरेर महिलाहरुलाई शिक्षण पेशामा अधिक सहभागि गराउन सके शिक्षणमा महिलाको शिक्षकको भूमिका बढि हुने विश्वास गर्न सकिन्छ । अत: यस शोध कार्यमा प्राथमिक तहको शिक्षणमा महिला शिक्षकको भूमिका अध्ययन गर्न यस सिद्धान्तले सहयोग पुऱ्याउने विश्वास लिन सकिन्छ ।

यो विधिलाई अगाडि वढाउने क्रममा मूल्याङ्कन गर्दा एउटै मात्र सुचना तथा विधिको आधारमा पुर्णता नहुने कुरा उल्लेख छ । अत: मूल्याङ्कन गर्न विभिन्न स्रोतहरुको खोजी गरी वहु सूचनाहरुको संकलन गर्नु पर्छ । यसको लागि आवश्यक सम्पूर्ण विधिहरु सहभागितात्मक अवलोकन, प्राकृतिक अन्तर्वार्ता, दस्तावेज आदिको प्रयोगवाट र परिमाणात्मक गर्नु पर्ने हुन्छ । जुन गुणात्मक र

परिमाणात्मक विधिहरुको प्रयोगवाट विषयगत र वस्तुगत सूचनाहरुको संकलन गर्न सकिने उल्लेख गर्दछ । यसमा एउटा वास्तविकतामा मात्र विश्वास नहुने हुनाले वास्तविकताको आधारमा सुचना संकलनमा जोड दिने गर्दछ ।

यसमा अवधारणा अनुसार मूल्याङ्कन कार्यमा कुनै पनि कार्यक्रमलाई अगाडि वढाउनको लागि पूर्व निर्धारित मापदण्ड तथा तयारी योजनाको उपयोग नहुने कुरा उल्लेख र यस्तो कार्यक्रममा उपस्थित सहभागिताको वास्तविक अनुभव विचार तथा उनीहरुको वास्तविक धारणाको वारेमा प्रत्यक्ष मूल्याङ्कन गर्नुपर्छ । यसमा कार्यक्रमको स्वभाविक वातावरण र यस अगाडिको अवस्थाको वारेमा अवस्थागत प्रभाव तथा अनुभवको आधारमा अध्ययन गर्नु पर्छ । यस्तो अध्ययन कार्यको क्रमसगै अगाडि वढ्ने कुराको वारेमा निर्धारण गर्दै जानु पर्दछ । त्यसैले यस विधिले अध्ययन कार्यमा व्यक्तिगत विशेषताका आधारमा प्रक्रियाको उपयोग गर्ने विश्वास लिएको छ ।

यस विधिमा अध्ययन गर्ने विषयहरु एउटा मात्र वास्तविकतालाई पूर्णता नठानी धेरै वास्तविक सूचनाहरुको संकलन गर्नुपर्दछ । सूचना संकलनको क्रममा सम्वन्धित सवै व्यक्तिहरुले देखेको, भोगेको, अनुभव गरेको, वोलेको तथा आशा गरेको आधारमा आवश्यक वास्तविकताको खोजी गर्नुपर्दछ । यस्तो कार्य सवै सम्वन्धित व्यक्तिको विचार र अनुभवको आधारमा निचोड दिन जोड दिनुपर्ने उलेख गर्दछ । प्राकृतिक तथा सहभागितामूलक मूल्याङ्कन गर्नका लागि आगमन विधिको अवधारणाका आधारमा जनस्तरवाट सुरु गर्नुपर्ने कुरामा जोड दिन्छ । यसको लागि वहु सुचना तथा वास्तविकताका आधारमा तत्कालिन समयमा योजना तयार गरी भूमिकाको यथार्थतालाई बुझी उनीहरुको विचार अनुभवका आधारमा खोज गर्ने कार्य गर्नु पर्छ । जसवाट मात्र भूमिकाको वास्तविक मूल्याङ्कन गर्न सम्भव हुने देखिएको छ । यस विधिको आधारवाट शौक्षिक क्षेत्रको अवस्था सुधार गर्नको लागि बिकेन्द्रित नीतिको आधारमा शिक्षाको आवश्यकता चित्रण गर्नलाई जनस्तरवाट नै वहु वास्तविकता पहिचान गर्नु पर्दछ । यसवाट मात्र शैक्षिक क्षेत्रको वास्तविक विकास गर्न सम्भव देखिएकाले यस विधिलाई आवश्यक ठानी प्राथमिक तहको शिक्षा प्रभावकारी वनाउनका लागि गरिएको अध्ययनमा महिला शिक्षकको भूमिकाले वालवालिकाको शिकाइमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

फ्रोवेल (१७८२-१८५२) ले गीतबाट खेलबाट र उपहारबाट शिक्षण गर्ने विधिलाई जोड दिए उनले प्रकृतिवादी पाठ्यक्रम, क्रियाकलापमा आधारीत, उपयोगितामा आधारीत, एकिकृतमा आधारित पाठ्यक्रममा जोड दिएको पाइन्छ । त्यस्तै मारीया मन्टेसरी (१८७०-१९५२) का अनुसार सुस्तमनस्थिति भएका बालबालिकाको उपचार गर्ने क्रममा उनले त्यस्ता वालबालिकाको बारेमा

अनुसन्धान गर्नुका साथै यिनिहरुलाई कसरी शिक्षणगर्ने भन्ने बारेमा शिक्षण खोजि गर्न थालिन । किन्डर हाउस नामक विद्यालयको उनी सन् १९०६ मा सुपरिवेक्षण भइन । सन् १९२२ मा शिशु विद्यालयको निरीक्षण समेत भइन् । उनका अनुसार शिक्षा का उद्देश्यहरु व्याक्तिको व्यक्तित्व विकास गर्न , व्याक्तिलाई भावि जीवनको लागि तयार गर्ने बालमनोविज्ञानको आधारमा शिक्षण गरिनु पर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ (अधिकारी, २०६६) ।

मानव सम्वन्धको सिद्धान्तको विकास 'मेरी पार्कर फ्लोयेट' र 'इल्टन माओले गरेका हुन् तापनि यस सिद्धान्तको प्रवर्तकका रुपमा माओ (इ.स. १८८०-१९४९) लाई मानिन्छ (अग्रवाल, २००६) मानव सम्बन्धका सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापन र कामदार विचको अन्तरकृयामा निर्भर हुने कुरा उल्लेख गरेको छ प्रत्येक व्यक्तिको सोचाइ, प्रवृति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ त्यसमा मानव नै मानव सम्बन्ध निर्भर गर्दछ । यसमा भने वैज्ञानिक, व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसले मानव सम्बन्धका विविध आयामहरुलाई मध्यनजर गरेर विद्यालय व्यवस्थापन तथा संचालनका हरेक सवालमा राम्रो र स्पष्ट सम्वन्ध कायम गर्न मानव सम्वन्धले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

मानव सम्बन्धको सिद्धान्त इ.सं. १९५० तिर प्रचालित रुपमा रहेको पाइन्छ । यस अगाडिका सिद्धान्तले संगठन र सहकार्यलाई यान्त्रिक दृष्टिकोणले रहेको कारण यो सिद्धान्तको सुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप उत्पादन कार्य कुशलतामा सन्तोषप्रद सुधार ल्याउँन नसकेकाले व्यवहारिक व्यवस्थापनमा नयाँ-नयाँ विचारहरु विकसित भएका हुन । कुनै पनि संगठन तथा कार्यकलापमा कार्य गर्नेहरु वीचमा मानव सम्वन्ध नभएमा कार्य सम्पादन पनि ढिलो नराम्रो र कम गुणस्तरीय हुनाले उत्पादन प्रक्रियामा प्रभाव पार्दछ । यस्तो सिद्धान्तलाई अन्तरवैयक्तिक व्यवहार भनिन्छ (कोइराला र श्रेष्ठ, २०६६) ।

मानव सम्वन्ध भन्नाले मानवलाई मानव जस्तो व्यवहार गर्नुपर्दछ । मानिसलाई संगठनको वस्तु वा अन्य कुनै सम्पतिको रुपमा लिनुहुदैन । यसको आफ्नै मानवीय अस्तित्व छ भनी स्वीकार गर्नु पर्छ । यदि सवै मिलेर उद्देश्य परिपूर्ति गर्नु छ भने एकले अर्कोलाई बुझेर व्यवहार गर्नुपर्दछ । जति धेरै मानवीय सम्वन्ध स्थापना गर्न सक्यो, त्यति नै राम्रो सम्वन्ध कायम भै स्तरीयता एवं प्रभावकारिता हाँसिल हुन्छ । मानव सम्वन्धको सार हो ।

जसरी मानव सम्बन्धको सिद्धान्तमा कामदार बीचमा राम्रो सम्बन्ध हुनुले संगठनको उद्देश्य सहजै पुरा हुन सक्छ । यसैगरी पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नपनि विद्यालयीय संगठनमा रहेका हरेक कामदारहरु बीच सुमधुर सम्बन्ध कायम हुन आवश्यक छ । किनभने विद्यालय पनि एक

संगठन हुने भएकाले त्यस संगठनका सदस्यहरु बीच सुमधुर सम्बन्ध हुनलाई शिक्षणमा महिला शिक्षकको भूमिकाले प्रभाव पार्दछ । यो सिद्धान्त सन् १९५० ताका प्रचलित सिद्धान्त हो । यस सिद्धान्तको प्रवर्तकका रुपमा माओलाई लिन सकिन्छ ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक वनाउनु पर्ने वैज्ञानिक रुपमा कामदारको पारिश्रमिकको निर्धारण (कामदारको आधारमा ज्याला) गर्नुपर्ने, कामको विभाजन गर्नुपर्ने, कामदारको छनौट गर्ने कार्यमा वैज्ञानिकीकरण जस्ता पक्षमा जोड दिएको छ । मानव सम्वन्धको सिद्धान्तले मानव सम्वन्ध तथा मानवीय पक्षमा जोड दिदै मानिसहरुको मनोवैज्ञानिक व्यक्तिगत व्यवहार, आपसी अन्तरसम्वन्ध, व्यक्तिगत गुण, नेतृत्व अनुदायी तथा यिनलाई प्रभाव पार्ने सवै मानवीय तत्वहरुको अध्ययनमा जोड दिएको देखिन्छ (काफ्ले र पौडेल २०६४) ।

मानव सम्वन्धको सिद्धान्तको आधारवाट शिक्षाको क्षेत्रमा पनि निरंकुशतन्त्रको अन्त्य गरी प्रजातान्त्रिक संस्कारको सुरुवात हुन गयो । यसवाट शैक्षिक क्षेत्रमा नीति निर्माणदेखि स्थानीय स्तरसम्म सहभागिताको मौका प्रदान गरेको छ । साथै पाठ्यक्रमको निर्माण तहदेखि कार्यान्वयन तहसम्म शिक्षा का सम्पूर्ण क्रियाकलापमा शिक्षाको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन थाल्यो । शैक्षिक प्रशासनलाई प्रजातान्त्रिकरण गरी शिक्षक तथा सम्पूर्ण सरोकारवाला विचमा सम्वन्ध कायम गरी सुमधुर वातावरण निर्माण गर्न जोड दिइयो । यसका साथै शिक्षाको हरेक क्षेत्रमा विकास गर्नका लागि राज्य, स्थानीय क्षेत्र, संघ, संस्था, सवै सरोकारवाला सवैको सामूहिक जिम्मेवारी हुने कुराको विकास हुन थालेको पाइन्छ । शिक्षाको नेतृत्वको तानाशाही प्रकृति हेराइ प्रजातान्त्रिक आधार अनुरुप कार्य गर्नु पर्छ । वाल शिक्षण सिकाइलाई र वालकको भावनालाई बुझेर वालमैत्री वातावरणवाट अगाडी जानु पर्छ । त्यसो भएकोले शैक्षिक क्षेत्रलाई सुधार गर्नका लागि विद्यालयको विकासमा सबै तहका सवै सरोकारवाला वीच सहभागिता भइ सवैको एक आपसमा मेलमिलापको आधारवाट मात्र अगाडि वढन सक्छ (काफले र पौडेल, २०६४) ।

जसरी मानव सम्वन्धको विकास भएवाट शिक्षा क्षेत्रमा पनि विकास गर्नका लागि तथा प्रशासक अनि विद्यार्थी अभिभावकको सवै सम्वन्ध कायम गर्न आवश्यक पर्ने हुनाले गरिएको अध्ययनमा पनि महिला शिक्षकको शिक्षणले सिकाइमा प्रभावकारी हुन सक्ने विश्वास गर्न सकिन्छ ।

२.३. पुनरवलोकनको उपादेयता

अध्ययन गरिएको विषयको लागि छानिएको वैचारिक सिद्धान्तहरु प्राकृतिक सहभागितामुलक मूल्यांकन विधि तथा मानव सम्वन्धको सिद्धान्तले कुनै पनि कार्यक्रम तथा मूल्यांकन कार्य गर्नको लागि प्राकृतिक रुपमा मूल्यांकनकर्ता आफै उपस्थित हुनुपर्ने र सही सूचना प्राप्त गर्न सकिने तथा यस्तो कार्यमा हरेक पाटा पक्षमा वलियो मानवीय सम्वन्ध वनाउनु पर्ने जस्ता कार्यवाट मात्र उद्देश्य प्राप्तिमा राम्रो हुने तर्क रहेको छ। जसले गर्दा प्राथमिक तहको शिक्षणमा महिला शिक्षकको भूमिकाको बृद्धि गराउँदा विद्यार्थीहरुको मनोवल वढ्ने, आत्म सन्तुष्टि हुने, पारिवारिक माया ममताको सृजना हुने, छात्राहरुको व्यक्तिगत समस्याहरु (महिनावारी) सहजरुपमा समाधान भई यसवाट प्रभावकारी सिकाइ र शैक्षिक उपलब्धि हुने कारणले गर्दा यस्ता सिद्धान्तहरुको प्रयोग गरिएको छ।

अध्ययन कार्यलाई अगाडि वढाउनका लागि धेरै सम्वन्धित लेख साहित्यको उपयोग गर्न खोजिएको छ। जुन विभिन्न क्षेत्रमा अध्ययनवाट निकालेको निष्कर्षको आधारमा तयार पारिएको लेखहरुले यस अध्ययनको लागि दिएको महिला शिक्षकको अवस्वथा आन्तरिक दक्षता तथा महिला शिक्षकको भूमिका वढाउन गरिएको उपाय आदिको वारेमा जानकारी गराउँछ। अध्ययन गरिएको विषयको छानिएको बैचालिका सिद्धान्तहरु एक आपसमा सहपाठिको सम्बन्ध रही सही जानकारी प्राप्त गर्न सकिने विश्वास छ। शिक्षण सिकाइमा पारेको प्रभावबाट देखिएको सकारात्मक/नकारात्मक कारक तत्वहरु पहिल्याउन सहयोग पुग्छ। विद्यालयका सरोकारवाला, विद्यार्थी, अभिभावक, शिक्षक, बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका संघ, योजनाकार आदिलाई थप सहयोग पुग्न सक्छ। यस अध्ययनको लागि महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेका प्रभावको अध्ययनको जानकारी गराउदछ। यो शोधकार्यलाई अगाडि बढाउनका लागि साथै अध्ययन क्षेत्रको अवस्थासंग तुलनात्मक रुपमा अध्ययन गर्न प्रयोगमा ल्याउन सकिने विश्वास गरिएको छ।

परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

अनुसन्धान कार्य एक खोज मूलक कार्य हो जसबाट तोकीएको विन्दुमा रहेर निश्चित मापडण्डको दायराको समिपमा रहेर हरेक क्षेत्रको आ-आफ्नै किसिमको प्रकृतिबाट अनुसन्धान गरिन्छ । प्राथमिक तहमा महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभावको बारेमा यो शोधप्रत्रलाई निष्कर्षमा पुऱ्याउनका लागि तपशिलका विधि र प्रक्रियाहरु पुरा गरी निष्कर्षमा पुऱ्याइएको छ ।

३.१ अध्ययनको ढाँचा र विधि

अध्ययन कार्य सहज भने हुदैन । सिर्जनात्मक खोज तथा अनुसन्धानको लागि बिभिन्न स्थलमा आ-आफ्नै प्रकारको पद्धतिबाट गरिनु पर्दछ । प्रकृतिका आधारमा फरक हुने खोजको लागि प्राथमिक तहमा महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभावको बारेमा अध्ययन गर्नका लागि साथै यस शोधकार्यलाई पुरा गर्नको लागि दुई वटा ढाँचाको प्रयोग गरिएको छ । यसमा कुनै अवस्थामा प्रक्रिया, समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिन्छ भने । त्यो गुणात्मक तरिका हो । कुन विषयवस्तु समस्या तथा मुद्धासंग सम्वन्धित विभिन्न चरहरु बीचको सम्वन्धलाई संख्यात्मक मूल्यमा आधारित भई गरिने अध्ययन परिमाणात्मक तरिका हो ।

३.२.१ जनसङ्ख्या

यस अध्ययनलाई मूर्त रुपमा दिनेको लागि इलाम जिल्लाको चुलाचुली स्रोत केन्द्र अन्तर्गत बाँझो गा.वि.स. का ५ वटा प्राथमिक सामुदायिक विद्यालयको विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, महिला शिक्षक र बिद्यार्थी समेत जम्मा ७० जनालाई जनसंख्याको रुपममा लिइएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १ : सर्वेक्षणको लागि नमुना छनौट क्षेत्रको विवरण

क्र.सं.	विवरण	कुल संख्या	नमुना / छनौट संख्या
१	प्राथमिक विद्यालय	३९	१०
२	प्रध्यानाध्यपक	३९	१०
३	महिला शिक्षक	३०	१०
४	वि.व्य.स. अध्यक्ष	३९	१०
५	शि.अ.स.	३९	१०
६	विद्यार्थी	२००	२०

स्रोत : स्तलगत सर्वेक्षण २०७३

३.२.२. नमुना छनोट

यस अध्ययनलाई मूर्त रुप दिनका लागि सरोकारवाला पक्ष जस्तै प्रधानध्यापक, अभिभावक, विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक अभिभावक संघ, महिला शिक्षक र विद्यार्थीहरुबाट नमुनाको रुपमा लिने छ ।

३.२.३. नमुना छनौटको रणनीति

अनुसन्धानकर्ताले आफ्नो पूर्व ज्ञान, अनुभव, दक्षता प्रयोग गरी अध्ययनका लागि आवश्यक पर्ने खालका नमुनाको छनोट गरिएको छ । यस अध्ययनलाई सरल सहज तरिकाले तथ्याङक सङकलन गर्नको लागि उद्देश्यमूलक नमुना छनोट गरिने छ ।

३.३.अध्ययनको क्षेत्र

यस अध्ययन इलाम जिल्लाको पश्चिमी क्षेत्रको चुलाचुली स्रोत केन्द्र अन्तर्गत बाँझो चुलाचुली गा.वि.स. को १० वटा प्राथमिक सामुदायिक विद्यालयको आसपासमा रहेर अध्ययन कार्य पुरा गरिने छ ।

३.४. तथ्याङक संकलनका साधन र तरिका

अनुसन्धानलाई वैज्ञानिक तरीकाले निष्कर्षमा पुऱ्याउन निश्चित साधनहरुको अवश्कता पर्दछ । तसर्थ तथ्याङक संकलको लागि प्रश्नावली, अन्तर्वार्ता अभिलेख अध्ययन र अवलोकनका साधनहरुको प्रयोग गरिने छ । जस्मा निम्न स्रोत पर्दछ ।

क) प्राथमिक स्रोत

यस अध्ययनको लागि प्रत्यक्ष रुपमा सरोकारवालासँग गइ सोधपुछ गरी विवरण संकलन गर्नु हो । जसमा प्रश्नावाली, अन्तरर्वाता, अवलोकन र छालफल आदी पर्दछ ।

ख) द्वितीय श्रोत

यस अनर्तगत विज्ञहरुले लेखेको दस्तावेज, लेख, सन्दर्भ सामग्रीबाट तथ्याङ पाउनु हो । जसमा विद्यालय व्यावस्थापन बैठक पुस्तक, शैक्षिक अभिलेख फाएल, उपलब्धि मूल्याङकन फारम र विद्यालयको शैक्षिक तथ्याङक फारम पर्दछ ।

३.५. तथ्याङक संकलन प्रक्रिया

तथ्याङक संकलनका लागि प्रयोग गरिएको साधनले मात्र पुग्दैन । त्यस कारण सम्बन्धित क्षेत्रमा गई चाहिने तथ्याङक संकलन गर्नका लागि त्यस क्षेत्रको लिखित, मौखिक, अवलोकन जस्ता कार्यबाट आवश्यकता अनुसार सङ्कलित तथ्याङ्क हेर्नुपर्दछ ।

परिच्छेद चार : नतिजाको व्याख्या एवम्, विश्लेषण

यस अध्ययनलाई पुरा गर्नका लागि राखिएका उद्देश्यहरुको समिपमा रहेका उप शीर्षकहरुलाई आवश्यकता अनुसार संकलित डाटालाई स्पष्ट रुपमा व्याख्या गरिएको छ । तसर्थ यस अध्ययनको उद्देश्य पुरा गर्नको लागि खोज अनुसन्धान गरेर प्राप्त तथ्यांकलाई व्याख्य विश्लेषण तथा प्रस्तुतिकरण निम्न अनुसार उल्लेख गरिएको छ ।

४.१ महिला क्षिक्षकको शिक्षणमा सहभागिता

प्राथमिक तहमा महिला शिक्षकको सहभागिता शैक्षिक सुधारको लागि सम्पूर्ण समुदाय सामूहिक रुपमा सकृय हुनुपर्दछ । यसको अभावमा शैक्षिक विकास हुन गाह्रो हुनाले वर्तमान समयमा शिक्षा को विकासमा भएको असमानताको कारणले गर्दा छात्राको तथा महिलाको उपस्थित कम देखिएको पाइन्छ । यसलाई बढाउनको लागि भएको समस्या तथा वर्तमान शैक्षिक प्रणालीमा सहभागिताको बारेमा यस अध्ययनले भूमिका खेल्ने विश्वास गरिएको छ ।

४.१.१ महिला शिक्षकको अवस्था

विद्यालय तह तल्लो निकाय हो । जुन पाठ्यात्रम कार्यन्वयनको क्षेत्र हो । जहाँ नमुना बालबालिका तथा देशको कर्णदार बनाउने जिम्मा शिक्षकको हो । तसर्थ शिक्षण सिकाइ कार्यको सम्बाहक शिक्षक वर्गहरु हुन् । यस अध्ययन क्षेत्रमा रहेको १० वटा विद्यालयको क्षिक्षकहरु मध्ये महिला शिक्षकको वर्तमान अवस्थाको अध्ययन तलको तालिकाबाट स्पष्ट हुन्छ ।

तालिका २ : महिला शिक्षकको संमग्नता

क्र.सं.	विद्यालयको नाम	जम्मा शिक्षक	पुरुष शिक्षक	महिला शिक्षक	प्रतिशत	कैफियत
१	श्री सरस्वती उ.मा.बि. भालुटार	७	३	४	५७	
२	श्री सरस्वती नि.मा. बि. सिमलटार	५	३	२	४०	
३	श्री बिद्यासिर्जनात्मक मा. बि. मार्चेबुङ	३	२	२	५०	
४	श्री बाँझो गाउँ मा.बि. सिकरकटेरे	७	४	३	४२	
५	श्री जनता प्रा. बि. सिङफेरे बाँझो	३	२	१	३३	
६	श्री जनता उ.मा.बि. बाह्रकोठे	१३	१०	३	२३	
७	श्री किराँतेश्वर मा.बि. चुलाचुली	१०	९	१	१०	
८	श्री भानु मा.बि. बुकुवा	८	६	२	२५	
९	श्री बालज्योति मा.बि. चुलाचुली	८	५	३	३८	
१०	श्री किराँत चोलुङ प्रा.बि.	४	२	२	५०	
	जम्मा	६९	४६	२३	३३	

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

उल्लेखित तालिकाको आधारमा महिला शिक्षकको वर्तमान अवस्थाको बारेमा अध्ययन गर्दा । जसमा सबै भन्दा बढी महिला शिक्षक श्री सरस्वती उ.मा. बि. ५७ प्रतिशत रहेको पाइयो । सबै भन्दा कमी श्री किरातेश्वर मा.बि. मा १० प्रतिशत रहेको पाइयो । निष्कर्षमा भन्नु पर्दा कम महिला शिक्षक रहेको विद्यालयमा महिला दरवन्दी बढ्नु पर्ने देखिन्छ । जसबाट छात्राको भर्ना साथै आम विविध कार्यमा महिलाको उल्लेखनीय भूमिका हुन्छ ।

४.१.२ प्राथमिक तहमा महिला शिक्षकहरुको सेवाको प्रकार

प्राथमिक तह शिक्षकको आधारभूत जग हो । जग बलियो भएमा घर बलियो हुन्छ भन्ने उक्ति झै प्राथमिक तहमा कार्यरत महिलाहरुले शिक्षाको ज्योति फैल्याउन साथै बालमैत्री शिक्षा दिन वहाहरुको भूमिका उल्लेखनीय हुन्छ । यसका लागि गति प्राप्त महिला शिक्षक कार्यरत रहेमा सिकाइ गुणस्तरीय हुन्छ । तसर्थ महिला शिक्षकको पेशामा पनि प्रसस्त सेवा, सुबिधा र सुरक्षाको ग्यारेन्टी हुनुपर्छ । यस अध्ययन क्षेत्रमा अध्यापन गरिरहेका महिला शिक्षकको अवस्थाको बारेमा तलको विवरणमा उल्लेख गरिएको छ ।

तालिका ३ : अध्ययन क्षेत्रको शिक्षकहरुको सेवाको प्रकार

क्र.सं.	विवरण	महिला शिक्षक	जम्मा शिक्षक	महिला शिक्षक प्रतिशत	कैफियत
१	स्थायी	७	३८	१८	
२	अस्थायी	१०	१७	५८	
३	राहत	७	१४	५०	
४	नीजि	४	८	५०	
	जम्मा	३१	७७	४०	

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा अध्ययन क्षेत्रमा प्राथमिक स्थायी महिला शिक्षकको वर्तमान अवस्था अध्ययन क्षेत्रमा जम्मा स्थायी शिक्षक ३८ मध्ये १८ महिला प्रतिशत रहेको पाइयो । त्यस्तै अस्थायी शिक्षक जम्मा १७ मध्ये महिला शिक्षक ५८ प्रतिशत रहेको पाइयो । अन्त्यमा माथिको तालिकाको आधारमा हेर्दा स्थायी दरबन्दीमा ज्यादै कम महिला शिक्षक रहेको र अस्थायी/राहत/नीजि सबैमा समान्ता रहेको पाइयो ।

४.१.३ महिला शिक्षकको तालिममा सहभागिता

कुनै पनि शिक्षक तथा कर्मचारीलाई आफ्नो पेशामा रहँदा वर्तमान परिवेश, निति, नियम, ज्ञान र सीप अभिवृद्धि गर्न समेत विभिन्न सभा सम्मेलन गोष्ठी, सेमिनार गरेर सेवाकालिन तालिम सेवा प्रदान गर्नु गर्दछ । तब मात्र गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिन्छ । शिक्षा संवेदनशील भएको कारण तालिम प्राप्त व्यक्तिले मात्र बालबालिकाहरुको मनोविज्ञान बुझि उचित शिक्षण गराउन सक्छन् । तालिम अप्राप्त शिक्षकबाट जबरजस्ती शिक्षण हुन सक्छ । जसको कारण शिक्षण सिकाइको गुणस्तर न्यन हुन्छ । एक अध्ययन अनुसार शिक्षण सिकाइ कस्तो हुनु पर्छ भन्ने वारेमा प्राथमिक तहका ५६ % शिक्षकलाई निम्न माध्यमकि तहका ६८ प्रतिशत र माध्यकि तहका ५५ प्रतिशत शिक्षकलाई थाहा छैन् (डा. वाग्ले, शैक्षिक उन्नयन) । यसको प्रयोग कारण भनेको उनीहरू तालिमा अप्राप्त हुनु हो । ती वाहेक बाँकि रहेकालाई तालिमको सैद्धान्तिक ज्ञान त छ होला । तर व्यवहारमा प्रयोगमा ल्याउन सकेको पाइँदैन । यसरी अधिकांश शिक्षकलाई शिक्षण सिकाइको मर्म नै थाहा छैन । डा. वाग्लेले भन्नु भएको छ - एउटा वकिल राम्रो नहुँदा उसका ५०/६० जना झगडियाहरूले दु:ख पाउलान्, एउटा डाक्टर नराम्रो हुँदा उसकहाँ जाने र जँचाउने २/३ सय विरामि मर्लान् , एउटा इन्जिनियर नराम्रो हुँदा केही पुल र घर भत्केलान् तर यस्तो कुरा थाहा हुने

वित्तिकै त्यस्ता वकिल, डाक्टर र इन्जिनियर समाजबात अलग्गिन्छन् र उनीहरूकहाँ लाग्ने भीडको अन्त्य हुन्छ । तर एक शिक्षक नराम्रो हुँदा पूरै पुस्ताले दुःख पाउने, अति डरलाग्दो कुरा हामीलाई थाहा छैन । यसले राष्ट्रलाई नै अपुरणीय क्षति पुऱ्याउँछ । यस अध्ययन क्षेत्रमा रहेको सम्पूर्ण शिक्षक मध्ये पनि महिला शिक्षकको तालिम अनुभव कस्तो रहेको छ भन्ने बारेमा तलका तलिकाले प्रष्ट पार्न खोजिएको छ ।

तालिका ४: अध्ययन क्षेत्रको महिला शिक्षकको तालिमको विवरण

क्र.स.	विद्यालयको नाम	प्राप्त	आंशिक	अप्राप्त	जम्मा
१	श्री सरस्वती उ.मा.बि.	२	-	२	४
२	श्री सरस्वती नि.मा. बि.	१	१	१	३
३	श्री विद्यासृजनात्मक मा. बि.	-	२	२	४
४	श्री बाँझो गाउँ मा. बि.	२	-	-	२
५	श्री जनता प्रा. बि.	-	-	१	१
६	श्री जनता उ. मा.बि.	४	-	-	४
७	श्री किरातेश्वर मा. बि.	३	-	-	३
८	श्री भानु मा. बि.	४	-	-	४
९	श्री बाल ज्योति मा. बि.	४	२	१	७
१०	श्री किरात चोलुङ प्रा. बि.	३	-	१	४
	जम्मा	१८	५	८	३६

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथि उल्लेखित तालिकाबाट महिला शिक्षकको तालिम अनुभव अध्ययन गर्दा पूर्ण तालिमा प्राप्त महिला शिक्षकहरु त्यस क्षेत्रमा २३%, आंशिक तालिम प्राप्त ६% र तालिम अप्राप्त १०% रहेको पाइयो । यसरी पूर्ण तालिम प्राप्त संख्या अन्यको तुलनामा धेरै बढी भएका राम्रो हो तर अध्ययन क्षेत्रममा कम तालिम प्राप्त पाइयो । आंशिक र तालिमा अप्राप्त न्यून रहेकोले प्रक्रिया मिलाएर तालिम प्राप्त बनाउन अति राम्रो हुन्छ । तब मात्र शौक्षिक गुणस्तर वृद्धि भइ चाहेको उपलब्धी पाउन सकिन्छ । त्यसो नभए शिक्षा का लगानी बलुवामा पानी खन्याए सरह हुन्छ । नेपालको परिवेशमा बि.एड.योग्यता हासिललाई मात्र तालिम प्राप्त मानिन्छ । धेरै विद्यालयले बढि मात्रमा कम योग्यता भएको शिक्षकहरु विद्यालयमा रहेको कारण शैक्षिक गुणस्तर न्यून हो कि भन्ने

शंका गरिन्छ । तसर्थ भाबि योजनामा शैक्षिक स्तरलाई पनि ख्याल गरि दरबन्दी किटान गर्नु उचित हुन्छ । फिनल्याण्डका सबै शिक्षकहरुको न्यूनतम योग्यता स्नाकोत्तर हो ।

४.१.४ महिला शिक्षकको कक्षा शिक्षण भार

शिक्षण कार्य त्यति सहज छैन जति मानिन्छ । शिक्षणलाई कला विज्ञान राजनीतक कार्य, पेशा आदिको रुपमा लिइन्छ । कला होस वा विज्ञान त्यसमा कार्य गर्ने निश्चित तौर र तरिका चाहिन्छ । पेशागत कार्यमा निश्चित दक्षता र तरिका योजना चाहिन्छ । औपचारिक शिक्षा पद्धतिमा शिक्षक केन्द्रित, पूर्व निर्धारित योजना वद्ध र नियमित शिक्षणलाई जोड दिइन्छ । विधिहरुको प्रयोग गर्दा उपलब्ध साधन, स्रोत, विषय बस्तुको प्रकृति, शिक्षकको क्षमता, अनुभव तालिम, विद्यार्थीहरुको रुची , आवश्यकता, चाहना र स्तर आदिलाई ध्यान दिनु पदर्छ । जसबाट बालबालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छन् । यसर्थ विद्यालयको शैक्षिक नेतृत्व, समाजको सामाजिका नेतृत्व, राष्ट्रको राष्ट्रि दायित्व र कर्तव्यको वोधहुनु आवश्यका छ भने आफ्ना दैनिक वानि व्यवहार, रहनसहन, वोलिचालिका साथै विषयवस्तुको दक्षता र शिक्षण सीपका क्रियाकलापहरूमा समेत दक्ष हुनु पर्छ । विद्यार्थीहरूलाई राष्ट्रको भावी कर्णधार बनाउने दिशामा एउटा शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । यस अध्ययन क्षेत्र भित्र रहेका महिला शिक्षकहरुको शिक्षण सहभागिता बारेमा तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५ : महिला शिक्षकको शिक्षणमा कक्षा भार

क्र.सं.	विद्यालयको नाम	महिला शिक्षक संख्या	विषयगत घण्टी	अतिरिक्त घण्टी	जम्मा घण्टी
१	श्री सरस्वती उ.मा.बि. भालुटार	४	५	-	५
२	श्री सरस्वती नि.मा. बि. सिमलटार	२	७	-	७
३	श्री बाँझो गाउँ मा.बि.सिकरकटेरे	३	६	१	७
४	श्री बिद्यासिर्जनात्मक मा.बि.मार्चेबुङ	२	६	१	७
५	श्री जनता प्रा. बि. सिङफेरे बाँझो	१	७	-	७
६	श्री जनता उ.मा.बि. बाह्रकोठे	३	६	-	६
७	श्री किरातेश्वर मा.बि. चुलाचुली	१	४	-	४
८	श्री भानु मा.बि. बुकुवा	२	५	१	५
९	श्री बालज्योति मा.बि. चुलाचुली	३	५	-	५
१०	श्री किराँत चोलुङ प्रा.बि.	२	७	१	७

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथि उल्लेखित तालिकाबाट यो प्रमाणित गर्न सकिन्छ कि बढि दरबन्दी भएका उ.मा.वि. र मा.वि. विद्यालयमा महिला शिक्षक दरबन्दी बढी विषयगत घण्टी पनि ४ रहेको पाइयो भने प्र.वि.मा महिला दरबन्दी कम साथै विषयगत घण्टी पनि ७ घण्टी सम्म रहेको पाइयो ।

४.१.५. विद्यालय व्यावस्थापन समितिमा महिला सहभागिता

शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५९ अनुसार प्रत्येक सामुदायिक विद्यालयमा विद्यालय व्यास्थापन समिति रहने व्यवस्था छ । जुन परिच्छेद - ६ मा व्यवस्थापन समितिको छनौट, काम, कर्तब्य र अधिकार तथा बैठक सम्बन्धि कार्य विधि उल्लेख छ जसमा ९ सदस्यीय समिति रहेने उल्लेख छ । यस अध्ययन क्षेत्रमा महिलाको सहभागिता निम्न छ ।

तालिका ६ : विद्यालय व्यावस्थापन समितिमा महिला सहभागिताको अवस्था

क्र.सं.	विवरण	जम्मा संख्या	पुरुष संख्या	महिला संख्या	महिला प्रतिशत

१	वि. व्य. स. अध्यक्ष	१०	१०	०	०
२	वि. ब्य. स. सदस्य	८०	६८	२२	२७
	जम्मा	९०	७८	२२	२४

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकामा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा महिला संख्या नरहेको पाइयो भने सदस्य पदमा कम्तिमा १/१ जना महिला सदस्य रहनुपर्ने नियमावलीका आधारका कुनै समितिमा ३ जना सम्म महिला रहेको पाइयो भने न्यूनतम संख्या पूरा भएको पाइयो । जुन महिला सदस्य संख्या २२ मध्ये महिला २७ प्रतिशत रहेको छ ।

जबरा (२०५८) विद्यालयको चौतर्फी विकास गर्नका लागि मानवीय संसाधनको उययूक्त व्यवस्थापन गर्नुपर्ने देखिन्छ । अध्ययन क्षेत्रमा समाजमा बढि भाग ओगटेको महिला समुदायले विद्यालयको व्यवस्थापकीय पक्षमा कम सहभागिता पनि नभएको पाइयो । त्यसैले आगामी दिनमा प्रशासकीय तथा व्यवस्थापकिय क्षेत्रमा समेत महिलाको सहभागिता वृद्धि गराउन जरुरी देखिन्छ ।

४.२. महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

शिक्षण पेशा एक प्राविधिक कार्य हो । जुनसुकै प्राविधिक कार्य सम्पन्न गर्नका लागि पनि कुनै न कुनै प्रकारको विशेष सीप र दक्षता आवश्यकता पर्दछ । शिक्षण पेशा पानि प्राविधिक कार्य भएकाले यसमा पनि निश्चित शिक्षण सीप र दक्षताको आवश्यकता पर्दछ । कक्षामा उभिएर पाठ्यपुस्तकमा भएका कुराको एकोहोरो व्याख्या गर्दैमा त्यसलाई प्राविधिक रूपमा शिक्षण भन्न सकिन्न । शिक्षणमा नवीनतम् प्रयोग गर्नु पर्दछ । भाषण पद्धतिमा आधारित शिक्षण प्रयोग नगरी विद्यार्थी केन्द्रीत शिक्षण आवश्यक हुन्छ । हाम्रो शिक्षण पद्धतिमा भाषण पद्धतिमा आधारित शिक्षण नै वढी प्रयोग गरिन्छ । त्यसवाट विद्यार्थीले वुझे / वुझेनन् र अपेक्षित ज्ञान, सीप, क्षमता आर्जन गरे/गरेनन् भन्ने ख्याल गरिंदैन । शिक्षकहरू पनि तोकिएको पाठ्यवस्तु कक्षामा गएर व्याख्या गर्ने र कोर्ष पूरा गरेपछि अवैज्ञानिक खालको एउटा परीक्षा लिने काम गरेर दिन काट्छन् । वर्तमान शैक्षिक व्यावास्थामा न्यून मात्रामा रहेको महिला शिक्षकहरुको आफनो सिकाइ क्रियाकलापको आधारमा कस्तो प्रभाव पारेको छ । सोको बारेमा वृहत्त अध्ययन गरेको लागि विशेष गरी अध्ययन क्षेत्रमा रहेको विद्यालयहरुको वर्तमान अवस्थाको बारेमा तुलनात्मक रुपमा अध्ययन गर्नु आवश्यक रहेको छ ।

४.२.१. विद्यार्थी भर्नाको अवस्था

अध्ययन क्षेत्रमा प्राथमिक तहका विद्यार्थीको स्थिति अध्ययन क्षेत्र अध्ययनरत विद्यार्थीहरुको अवस्था कस्तो छ ? भन्ने बारेमा तुलनात्मक रुपमा शैक्षिक सत्र २०७०-२०७२ सम्मको अध्ययन गरी सो तथ्याङ्को आधारमा विद्यार्थीहरुको भर्नाको अवस्था बारेमा अध्ययन गरिएको छ ।

शैं.स. २०७० मा कक्षा १-५ को छात्र/छात्राको भर्नाको अवस्था जम्मा १२३० थियो भने शै. स.मा घटेर जम्मा ११०४ रहेको पाइयो । नमूना छनोट गरिएको विद्यालयमा छात्र/छात्रा को भर्ना सहभागिता न्यून रहेको छ (अनुसुची १) ।

उक्त तीन शैक्षिक सत्रको अनुपातलाई हेर्दा छात्रा /छात्रको भर्ना तुलना गर्दा बराबरी रहेको पाइन्छ भने कक्षा २ को छात्रा/छात्रको भर्ना कक्षा १ को तुलनामा घटेको देखिन्छ । कक्षा ३ को छात्रा/छात्रको भर्ना कमशः घट्दै गएको पाइन्छ । कक्षा ४ को छात्रा/छात्रको भर्ना पनि घट्दै गएको पाइन्छ । त्यस्तै कक्षा ५ को छात्रा/छात्रको भर्नामा केहि मात्रमा घट्दै गएको पाइन्छ । उक्त तीन शै.स. को कक्षा १, ५ सम्मको अध्ययन गर्दा घट्दो अवस्था पाइयो ।

४.२.२. खुद भर्नाको अवस्था

पाचँ वर्ष पुरा नभएकालाई कक्षा एकमा भर्ना गरिने छैन । शिक्षा ऐन अनुसार पाँच वर्ष पूरा भएकालाई मात्र कक्षा एकमा भर्ना गरिने छ । विद्यालयको शैक्षिक सत्र शुरू भएको मितिले सामान्यतया एक महिना भित्र नयाँ विद्यार्थी भर्ना गर्नुपर्नेछ । सामुदायिक विद्यालयले गरिवीको रेखामुनि रहेका दलित, जनजाति र महिलालगायत अन्य विद्यार्थीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्दछ । यस अध्ययन क्षेत्रको नमूना छनोटमा परेका १० वटा विद्यालयको कक्षा १ को छात्राको तीन शै.स.को खुद भर्नाको अवस्थालाई तलको तलिकाबाट प्रष्ट पारिएको छ ।

तालिका ७ : अध्ययन क्षेत्रको १ को खुद नयाँ भर्नाको अवस्था

क्र.स.	विवरण	शै.स. २०७०			शै.स. २०७१			शै.स २०७२		
		जम्मा संख्या	छात्रा संख्या	छात्रा %	जम्मा संख्या	छात्रा संख्या	छात्रा %	जम्मा संख्या	छात्रा संख्या	छात्रा %
१	श्री सरस्वती उ.मा.वि.भालुटार	१५	७	४६	२९	१५	५०	१५	७	४६
२	श्री सरस्वती मि.मा.वि सिमलटार	१५	९	६०	११	८	७२	१०	७	७०
३	श्री विद्या	१२	३	२५	८	३	३७	१७	८	४७

	सृजनात्मक मा.वि मार्चेबुङ									
४	बाँझो गाउँ मा. वि चुलाचुली	२२	१६	७२	१९	१३	६६	१५	९	६०
५	जनता प्रा.वि सिङफेरे	१५	१०	६६	१६	७	४३	५	३	६०
६	श्री जनता उ.मा. वि. बाह्रकोढे	२८	१३	४६	२९	१४	४६	९	५	५५
७	श्री किरातेश्वर मा. वि चुलाचुली	४३	२३	५४	४४	२२	५०	३८	१३	३४
८	श्री भानु मा.वि. बुकुवा	२२	९	४०	१२	८	६०	१२	८	६०
९.	बालज्योति मा. वि आईतबारे	२४	१४	५८	२३	९	३९	३४	१२	३५
१०	श्री किराँत चोलुङ प्रा. वि.	२०	८	४०	२१	१०	४७	१८	१०	५०
जम्मा		२१६	११२	५१	२१२	१०९	५०	१७३	८२	४७

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाको आधारमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा कक्षा १ को खुद नयाँ भर्ना दरको प्रतिशत अवस्था हेर्दा तीन शै. स लाई आधार मानिएको छ शै.स. २०७० को जम्मा संख्या २१६ जना मध्ये छात्रा संख्या ११२ को प्रतिशतको ५१ रहेको पाइयो भने शै.स. २०७२ मा जम्मा १७३ जना संख्या मध्ये ८२ छात्रा संख्या प्रतिशतको ४७ रहेको पाइयो । जसमा विचमा पढाइ छाड्ने, बसाईसराइ, अभिभावकमा चेतनाको कमि सरकारी विद्यालयको खचँकदो अवस्था र निजि विद्यालय प्रतिको आकर्षणका कारण खुद भर्नादर घट्दो पाइयो ।

४.२.३ महिला शिक्षकको सिकाइ प्रति विद्यार्थीको धारणा

शिक्षण एक कला हो । जुन तालिकाबाट मात्र उचित प्रभावकारी व्यवहारिक तथा वैज्ञानिक हुन जान्छ । उपयुक्त वातावरणमा बालबालिकाको क्षमता मर्यादा, बालमनोविज्ञान बुझेर मात्र कक्षाबोठामा बालमैत्री पूर्ण सिकाइ कृया कलापको आधारबाट प्रभावकारी सिकाइ सम्भव छ । बीना तालिम सिकाइ गराउन खोजी बालबालिकाले दिगो तरिकाले सिक्न सक्दैनन् त्यस कारण शिक्षक तालिम प्राप्त, निपूर्ण, कर्तब्य निराढ, सहनशील, विनम् हुनु पर्छ । हाम्रो नेपालको परिवेशमा एस.एल.सी भन्दा कम योग्यता भएमा शिक्षक पनि विद्यालयमा प्रा.वि. दरबन्दीको कारण हो ।

तालिम प्राप्त शिक्षकबाट जति खुराक पाउनु पर्ने हो । सो बालबालिकाले पाउन सक्दैन् । जहाँ जबर जस्ती घोकन्ते शिक्षण हुन्छ जुन दिगोपन हुदैन । सिर्जनात्मक बालमैत्रीपूर्ण हुन सक्दैन । फलस्वरुप शैक्षिक गुणस्तर न्यून रहन्छ । तब राष्ट्रियले शैक्षिक क्षेत्रमा लगानी गरेको रकम बालुवामा पानी खन्याए सरह सुन्नमा आउँछ, करण त्यही हो । बिशेष गरी प्रा.वि. तहमा महिला शिक्षकको बढी महत्व हुने गर्दछ । तर महिला शिक्षकको उपस्थितले मात्र हुँदैन, त्यति नै क्षमता हुनुपर्दछ । न्यून मात्रमा संख्यात्मक रुपमा रहेको महिला शिक्षकको अवस्था गुणात्मक रुपमा बढउन अध्ययन कार्यमा निरन्तर सकारात्मक प्रयास भने रहेको पाइन्छ । न्यून मात्रमा रहेको महिला शिक्षकको शिक्षणमा बालबालिकाहरुमा पारेको प्रभावको बारेमा बालबालिकाहरुको धारणा निम्न तालिकामा रहेको छ ।

तालिका ८ : महिला शिक्षकको सिकाइ प्रति विद्यार्थीहरुले दिएको धारणा

क्र.सं.	विवरण	जम्मा	वि.संख्या	प्रतिशत
१	दैनिक ५ विषय सम्म पढाउने	२०	१०	५०%
२	दैनिक ६ विषय सम्म पढाउने	२०	१२	६०%
३	दैनिक ७ विषय सम्म पढाउने	२०	९	४५%
४	अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने	२०	१०	५०%
५	शिक्षणमा छात्रालाई मात्र सहभागिको मौका दिने	२०	५	२५%
६	शिक्षणमा दुवैलाई मौका दिने	२०	१७	७५%
७	विद्यार्थी प्राति माया, ममता बढीराख्ने	२०	१८	९०%
८	किताव अन्य सामग्री प्रयोग गरि शिक्षण गर्ने	२०	५	२५%
९	सामग्रीको मात्र प्रयोग गरि शिक्षण गर्ने	२०	१०	५०%
१०	दैनिक गृहकार्य दिने	२०	१३	६५%
११	कहिले काहि मात्र गृहकार्य दिने	२०	७	३५%
१२	महिला शिक्षक नहुँदा नरमाईलो हुने	२०	१६	८०%
१३	प्रभावकारी शिक्षण सिकाइ भएको	२०	१२	६०%

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकबाट प्रष्ट हुन्छ कि महिला शिक्षकको सिकाइमा विद्यार्थीहरुले दिएको धारणमा तालिकको आधारमा विद्यालयमा विद्यार्थी प्रति माया, ममता र सहयोग बढी गर्ने ९० प्रतिशत रहेको पाइयो र अन्य सामग्री प्रयोग गरि शिक्षण गर्ने तथा शिक्षणमा छात्रलाई मात्र सहभागिको मौका दिने सबै भन्दा कम २५ प्रतिशत रहेको पाइयो ।

४.२.४ महिला शिक्षकको शैक्षणिक संगठन

शिक्षण सिकाइ जति सरल देखिन्छ त्यनि कठिन पनि छ । सिकाइ व्यक्तिको व्यवहारमा आउने अपेक्षित परिवर्तन नै सिकाइ हो । बालबालिकाको रुचि, आवश्यकता, क्षमता, परिवेश तथा विकाश क्रमलाई ध्यानमा राखी सिकाइ भएमा मात्र राम्रो उपलब्धी हात पर्छ । शिक्षणलाई वढी रोचक र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको अति आवश्यक पर्दछ । त्यसैले शिक्षण विधि र शैक्षिक सामग्रीको एकापसमा सम्बन्ध रहेको हुन्छ । शिक्षण सिकाइ भनेको सूचनाहरू प्रवाह गर्नु वा हस्तान्तरण गर्नु हो भने सूचनाहरूको प्रभाह गर्दा सुन्न सकिने, देख्न सकिने र गर्न सकिने गरी गर्नु पर्ने हुन्छ । त्यसले शिक्षण सिकाइ गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्न सकेमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ । शैक्षिक क्रियाकलापलाई प्रभावकारी बनाउँदै लाभदायी र सफल बनाउनका लागि शैक्षिक सामग्रीहरूले अहम् भूमिका खेलेका हुन्छन् । शिक्षण जहिले पनि व्यावहारिक र विद्यार्थीको रूचिअनुसार हुनुपर्छ । यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयमा महिला शिक्षकको क्षिक्षण अवस्था तलको तालिकामा स्पष्ट छ ।

तालिका ९ : महिला शिक्षकको शैक्षणिक सङ्गठन

क्र.सं.	विवरण	जम्मा	महिला संख्या	महिला प्रतिशत
१	विषय शिक्षण	१०	१०	१०
२	कक्षा शिक्षण	१०	०	०
३	बहु कक्षा शिक्षण	१०	१	१
४	शिक्षणमा विद्यार्थीको राम्रो रुचि	१०	७	७०
५	शिक्षण प्रति प्र.अ. राम्रो व्यवहार	१०	९	९०
६	विद्यार्थी केन्द्रित विधिबाट शिक्षण	१०	८	८०
७	प्र.अ. को महिला शिक्षक बीच राम्रो व्यवहार	१०	९०	९०

स्रोतः स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकाबाट यो कुरा स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रको १० वटा विद्यालयमा प्रत्येकबाट १ जना महिला शिक्षकको अवस्था अध्ययन गर्दा बहु कक्षा शिक्षण १ प्रतिशत रहेको र विषय शिक्षण , शिक्षण प्रति प्र.अ. को राम्रो व्यवहार र प्र.अ. को र महिला शिक्षक बीचको राम्रो व्यवहार ९० प्रतिशत रहको पाइयो ।

४.२.५ महिला शिक्षकाको शिक्षण कार्यमा विद्यालय व्यवस्थापन समिति अध्यक्षको धारणा

विद्यालय व्यवस्थापन समितिको अध्यक्षको धारणा महिला शिक्षकको विद्यालयको शिक्षण सिकाइको बारेमा गरिएको प्रश्नवाली अनुसार वहाँबाट आफुलाई लागेको कही कुराहरु व्यक्ति गरे बमोजिम केही सांकेतिक नमुनाको रुपमा केही तला तालिकामा व्यक्ति गरिएको छ ।

तालिका १० : महिला शिक्षकको शिक्षण कार्यका सूचकहरु

क्र.सं.	विवरण	जम्मा	महिला संख्या	प्रतिशत
१.	शिक्षणमा भन्दा आफनो व्यवहारमा बढी चासो	१०	१	१०
२	सकारात्मक प्रभाव परेको	१०	१०	१००
३	अनुकरणीय प्रभाव परेको	१०	१	१०
४	न्यून चेतनाको कारण कम सहभागी	१०	५	५०
५	सहभागिता बढाउन नियुक्तिमा महिला प्राथमिकता	१०	८	८०
६	सहभागिता बढाउन तालिम आवश्यक	१०	१	१०

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट स्पष्ट भयो कि सबभन्दा बढी महिला शिक्षकबाट सकारात्मक प्रभाव १०० प्रतिशत पाइयो र सब भन्दा कम चासो भएको १० प्रतिशत रहेको पाइयो । जहाँ महिला शिक्षकबाट विद्यालयमा सकारात्मक प्रभाव परेको त भने सहभागिता बढाउन महिला नियुक्तिमा प्राथामिकता ५० प्रतिशत दिनु पर्ने वि. व्य.स. अध्यक्षको धारणा छ ।

४.२.६ महिला शिक्षकले शिक्षणमा पारेको प्रभावमा प्रधानध्यापकको धारणा

महिलाको शिक्षकले शिक्षणमा पारेको प्रभावमा प्र.को धारणमा १० वटा विद्यालयको १० जना प्र.अ.संग सोधिएको प्रश्नावलीको आधारमा दिएको विवरण अनुसार तालको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११ : महिला शिक्षकले शिक्षणमा पारेको प्रभावको सूचकहरु

क्र.सं.	विवरण	जम्मा संख्या	उत्तरदाता प्र.अ. संख्या	प्रतिशत
१	बढी प्रशासनिक जिम्मेवारी	१०	१	१०%
२	प्रभावकारी सिकाइमा बढी महिला शिक्षकको भूमिका	१०	२	२०%
३	महिला शिक्षकले छात्रा भर्नामा राम्रो प्रभाव	१०	६	६०%
४	छात्राको समस्या समाधान	१०	७	७०%
५	नियूक्तिमा महिलालाई प्रथामिकता दिनुपर्ने	१०	९	९०%
६	न्यून योजनाको कारण न्यून महिला शिक्षक संख्या	१०	७	७०%
७	महिला शिक्षकमा नेतृत्वको कमी	१०	१	१०%
८	सहभागिता बढाउन नीति नियममा परिवर्तन गर्नुपर्ने	१०	९	९०%
९.	महिला शिक्षकले गर्दा अभिभावकको चेतना विकास भएको	१०	८	८०%

स्रोत :स्थलगत सर्वेक्षण २०७२

माथिको तालिका बाट सबभन्दा बढी देखिएकोमा सहभागीता बढाउन निति नियममा परिवर्तन गर्नुपर्ने ९० प्रतिशत देखियो भने सबभन्दा कम महिला शिक्षकम नेतृत्वको कमी र प्रशानिक जिम्मेवारी ० प्रतिशत रहेको प्र.अ. को धारणा छ ।

४.३ महिला शिक्षकको शिक्षण सिकाइमा छात्रछात्राको उपलब्धी स्तर

शिक्षण भनेको विभिन्न शैक्षिक एवम् भैतिक सामाग्रीहरूको सहयोगमा शिक्षक, विद्यार्थी र वातावरण वीच हुने अन्तरक्रिया हो । त्यसैले कक्षाकोठामा शिक्षण गर्दा कस्तो शैक्षिक संगठन रोज्न वाचयन गर्ने भन्ने कुरा शैक्षिक सामग्री, कक्षाकोठाको भैतिक सामग्री विद्यार्थी र शिक्षक संस्थाका अतिरिक्त विद्यार्थीको स्तर र क्षमता भर पर्दछ । उपयुक्त शिक्षण संगठनको अनुसरण गर्नाले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभावकारिता आउँछ । तसर्थ विद्यालयमा सञ्चालित कक्षा संङ्ख्य, उपलब्ध शिक्षक संख्या, विद्यालयको भौतिक सुविधा विषयको प्रक्रिति, विद्यार्थीको रुचि, शिक्षकको विषय प्रतिको दक्षता आदि सवै पक्षलाई ध्यानमा राखेर कुन प्रकारको शिक्षण व्यवस्था

चयन गर्ने भन्ने निधो गर्न सकिन्छ । तसर्थ शैक्षणिक व्यावस्था रोज्दा निम्न पक्षलाई ध्यान दिनु पर्दछ । विद्यार्थीको स्तर, क्षमता, रुचि, शिक्षक विद्यार्थी सङ्ख्याको अनुपात, विद्यालयमा सञ्चालित कक्षा संङ्ख्या विद्यालयको भौतिका अवस्था कक्षा कोठा सङ्ख्या, शिक्षकको योग्यता, तलिमा अनुभव, विषयहरू, घण्टीहरू र अतिरिक्त क्रियाकलाप पर्दछन् ।

पठ्यक्रमले राखेका उद्देश्यहरू कति कार्यान्वयन भए भएनन भनि गरिने लेखाजोखालाई विद्यार्थीको प्रगति मूल्याकन भनिन्छ । परीक्षा पनि मूल्यङ्कनको एक साधन हो । विद्यार्थीहरुको क्षमता पहिचान गर्नका लागि मूल्याङकन साथै परीक्षाबाट मात्र उनीहरुको अन्तरिक मूल्याङकन गर्न सकिन्छ । यस ध्यानमा नमुना छनोटमा परेका विद्यालयको कक्षा १-५ सम्मको छात्राहरुको परिमाण तलको तालिकामा उल्लेख गरिएको छ।

४.३.१ विद्यार्थीको परीक्षा परिमाण

विद्यार्थीको क्षमता पहिचान गर्नका लागि मूल्याङ्कन साथै परीक्षाबाट मात्र उनीहरुको आन्तरीक मूल्याङ्कन गर्न सकिन्छ । यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयको कक्षा १-५ सम्मको छात्राहरुको परीक्षाको नतिजा अनुसुची २ मा राखिएको छ । शै.स. २०७० मा कक्षा १-५ को कुल विद्यार्थी संख्या ११५० मध्ये छात्रा संख्या ५८५ र छात्र ५६५ उर्तिण रहेको पाइन्छ । सो संख्या घटेर शै.स. २०७२ मा कुल १०४५ मध्ये छात्रा ५२९ छात्र ५१६ उर्त्तीण रहेको पाइन्छ । यसरी हेर्दा तीन शै.स. मा क्रमशः कुल संख्यासंगै छात्राछात्र उत्तीर्ण संख्या पनि घट्दै गएको पाइन्छ । यसमा सम्बन्धि निकाय सम्बेदनशील रहनु पर्ने देखिन्छ ।

फोलेट (१८९८-१९९८) ले उत्पादन बढाउनका लागि व्यक्तिको विचमा एकअर्कामा राम्रो प्रत्यक्ष, नियमित तथा मनवीय सम्बन्धि स्थापना गर्न सकेमा मात्र राम्रो उत्पादन गर्न सक्छ । त्यसै गरी सम्पूर्ण मानवमा चेतनाको विकास, मनोविज्ञान, व्यक्तिगत व्यवहार, आपसि सम्बन्ध र प्रभावकारी नेतृत्व क्षमता आदिबाट सकारात्मक भूमिका निर्वाह गरी अहम् भूमिका खेल्नमा महिला शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले अध्ययन क्षेत्रको विद्यार्थी उर्त्तीण दरलाई बढाउनको लागि मानव सम्बन्धको सिद्धान्तलाई व्यवहारिक रुपमा अगाडि बढाउनु पर्ने देखिन्छ ।

४.३.२. छात्राहरुको उर्त्तीण अवस्था

विद्यार्थीहरुको आन्तरिक क्षमता सजिलै पछि चान गर्ने सकिदैन । सबै विद्यार्थीहरुको समान क्षमता पनि हुन सक्दैन । त्यस कारण सो आन्तरिक क्षमता पत्ता लगाउनको लागि अध्ययनरत विद्यार्थीहरुको उर्त्तीण, दोहीऱ्याउने र बिचैमा कक्षा छोड्नेका अवस्थालाई आधार बनाई साथै लिखित परीक्षा, त्रैमासिक,परीक्षा र वार्षिक परीक्षाको आधारमा मात्र उनीहरुको आ-आफ्नो क्षमता पत्ता लगाउन सहज हुन्छ । यस अध्ययन क्षेत्रको सक्षम र असक्षमको बारेमा थाहा पाउनको लागि तलको तालिकाहरु उल्लेख गरिएको छ ।

तालिका १२ : छात्राहरुको उर्त्तीण अवस्था

कक्षा	शै.स. २०६९			शै.स. २०७०			शै.स २०७१		
	जम्मा संख्या	छात्रा संख्या	छात्रा %	जम्मा संख्या	छात्रा संख्या	छात्रा %	जम्मा संख्या	छात्रा संख्या	छात्रा %
१	२१७	१०५	४८	२१७	१०६	४८	१७३	१०१	४१
२	२०७	११७	५७	१७७	८७	४७	१८५	९१	४९
३	२१३	११२	५३	१८९	९८	५२	१९५	९८	४९
४	२६९	१२४	४७	२४३	१२९	५३	२३२	११४	४५
५	२४६	१२७	४९	२६३	१२५	४९	२६०	१२५	४८
जम्मा	११५०	५८५	५१	१०८९	५४५	५०	१०४५	५२९	५०

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अध्ययन गर्दा कूल तीन शै.स. २०६९-२०७१ को परीक्षा परिमाण अध्ययन गर्दा शै.स. २०६९ मा कूल विद्यार्थी संख्या १०५० मध्ये छात्रा उर्त्तीण ५१ प्रतिशत रहेको पाइयो भने सो घटेर शै.स. २०७१ मा कूल संख्या १०४५ मा ५० प्रतिशत छात्रा उर्त्तीण रहेको पाइयो ।

४.३.३ छात्राहरुको कक्षा दोहोऱ्याउनेको अवस्था

विद्यालयमा अझै पनि पुरानो विधिबाट शिक्षा सिकाइ क्रियाकलाप गराउने प्रचलन छ । कक्षामा सबै विद्यार्थीको समान क्षमता हुदैन । शैक्षिक सामग्रीको बढी प्रयोग गरि शिक्षण गर्दा सिकाइ दिगो हुन्छ । सुनेर भन्दा हेरेर गरेको सिकाइ स्थायी हुन्छ । यसर्थ घरपरिवारको असल र खराव वातावारणको कारण ताथ अभिभावकले बच्चा भर्ना गरेपछि समय समयमा विद्यालयमा उपस्थीत आफ्ना नानिहरूको रेखदेख नगर्दा पनि उनीहरूको चरित्र थाहा हुदैन । यसरी विद्यालयको वातावरण र पारिवारिक वातावरणको कारण नै विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने अवस्था हुन्छ । यस

अध्ययन क्षेत्रको कक्षा १-५ सम्मको ३ शैक्षिक सत्रको गति विधि तलको तालिकामा दिएको छ । शिक्षण सिकाइ विद्यार्थी, शिक्षक र पाठ्यक्रमको संयुक्त प्रयासबाट मात्र सम्भव छ । यी तीन तत्वको गतिशीलताबाट सिकाइ सम्भव छ । कुनै एक तत्वको कमी भएमा उद्देश्य पुरा हुन सक्दैन । विद्यालयमा भर्ना भएका सबै विद्यार्थी उर्त्तीण नहुनु पनि सक्छन् । विविध कारणले गर्दा विद्यार्थीहरुले कक्षा दोहोऱ्याउने अवस्था हुन्छ । शिक्षकलाई वालमनोविज्ञानको अध्ययनको आवश्यकाता पर्दछ । जसवाट वालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक, वैद्धिक आदि पक्षको जानकारी हुनु पर्दछ । एउटा असल शिक्षकले वलविकासका विविध पक्षहरूका बारेमा जनकारी राखेमा उनीहरूको मनोविज्ञान बुझी शिक्षण गर्न सजिलो पर्दछ । वालवालिकाहरू व्यक्तिगत रूपमा समान क्षमताका हुँदैनन् । त्यस्तै उनीहरूको शारीरिक विकासका साथै उनीहरूको इच्छा, रुचि, क्षमता र आवश्यकता पनि फरक-फरक हुने हुनाले ती सवै पक्षको अध्ययन गरी उनीहरूको क्षमता र अवस्थाअनुसार शिक्षण गर्न शिक्षकले वालमनोविज्ञानको अध्ययन गर्नु पर्दछ । यस अध्ययन क्षेत्रको कक्षा दोहोऱ्याउने अवस्था तलको तालिकामा उल्लेख छ ।

तालिका १३ : छात्राहरुको कक्षा दोहोऱ्याउने अवस्था

कक्षा	शै.स. २०७०			शै.स. २०७१			शै.स २०७२		
	जम्मा संख्या	छात्रा संख्या	छात्रा%	जम्मा संख्या	छात्रा संख्या	छात्रा %	जम्मा संख्या	छात्रा संख्या	छात्रा %
१	२६	१४	१२	३४	१६	१४	३२	१७	१५
२	१९	१०	९	२९	१४	१५	२४	१२	१२
३	२३	१५	१३	२१	११	११	१९	११	११
४	३१	१५	१२	३२	२१	१८	२६	१३	११
५	३६	२०	१५	२२	१२	९	३६	२२	१५
जम्मा	१३५	७४	१२	१३८	७४	१३	१३७	७५	१३

स्रोत: स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका यो पुष्ट हुन्छकि कक्षा १-५ को छात्राहरुको दोहोऱ्याउने अवस्था हेर्दा शै.स. २०७० मा १२ प्रतिशत रहेको पाइयो । यसै गरी शै.स. २०७१/२०७२ मा १ प्रतिशतले बढेर १३ प्रतिशत रहेको पाइन्छ । समग्रमा अध्ययन गर्दा छात्राहरुको कक्षा दोहोऱ्याउनेको अवस्था शै.स. २०७१/२०७२ मा समान रहेको पाइन्छ । विद्यालयको वार्षिक रूपमा अभिभावक भेला गराइ

चेतनामूलक कार्यक्रम समय समयमा सञ्चालन गर्न सम्बन्धित निकाय बढी सम्बेदनशील हुनु पर्ने देखिन्छ ।

४.३.४. छात्राहरुको बीचैमा कक्षा छोड्ने अवस्था

विद्यालय शिक्षा प्राप्त गर्ने थलो हो । शिक्षक बालबालिकहरुको गुरु हुन् । शिक्षकबाट शिक्षा प्राप्त गर्न जति सजिलो छ त्यति कठिन पनि छ । बालबालिकको भविष्य निर्माणको जिम्मा विद्यालय र घर परिवारको हो । विद्यालयमा भर्ना भएका बालबालिका सबै उर्त्तीण नभएको पनि हुन्छन् । उर्त्तीण नहुनमा विद्यालय मात्र होइन घरपरिवार वातावरण पनि प्रमुख कारण हुन् । तसर्थ केही मात्रमा बालबालिका विद्यालय छोड्ने अवस्थामा पुगेको देखिन्छ । यसरी छोड्ने अवस्थाले विद्यार्थीहरूको एक शै.स. समया नोक्सान हुन जान्छ । जसवाट उनीहरूको फेरी पढ्ने मानसिकता पनि घट्दै जनन्छ । कुनै विद्यार्थी आफ्नो पढाइ समेत छोड्ने गर्दछन् । यस अध्ययन क्षेत्रमा कक्षा १-५ छात्राको बीचैमा कक्षा छाड्ने अवस्था तलको तालिकामा देख्न सिकिन्छ ।

तालिका १४ : छात्राहरुको बीचैमा कक्षा छोड्ने अवस्था

कक्षा	शै.स. २०७०			शै.स. २०७१			शै.स २०७२		
	जम्मासंख्या	छात्रा संख्या	छात्रा %	जम्मासंख्या	छात्रा संख्या	छात्रा %	जम्मासंख्या	छात्रा संख्या	छात्रा %
१	३१	१८	१५	१९	१२	१०	२८	१३	१२
२	२३	१२	११	१६	८	९	२०	८	१०
३	१८	११	९	२३	१६	१५	२२	११	११
४	२१	१२	१०	२६	११	९	२०	८	७
५	१६	८	६	१९	९	७	२२	९	७
जम्मा	१०९	६१	१०	१०३	५६	१०	११२	४९	९

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अध्ययन गर्दा कक्षा १-५ सम्मको छात्राहरुको बीचैमा कक्षा छाड्ने दर शै.स. २०७० मा १० प्रतिशत रहेकोमा २०७२ मा ९ प्रतिशत रहेको देखिन्छ । जुन समस्यालाई समाधानको रुपमा लानु विद्यालय व्यवस्थापन र घरपरिवारको समेत संयुक्त प्रयासबाट मात्र सम्भव देखिन्छ ।

४.३.५ बसाइसराइ भएर आउने छात्राको अवस्था

शिक्षा पाउनु बालवालिकाको नैसर्गिक अधिकार हो विभिन्न परिस्थिति र आवश्यकताअनुसार वालवालिकाले विद्यालय छोडेर अर्को विद्यालयमा भर्ना हुनु पर्ने अवस्था सिर्जना हुन्छ । जसलाई वसाइसरेर आउने अवस्था भनिन्छ । आन्तरीक क्षमताको सुचकाको रुपमा रहेको प्रत्यक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उर्तिण, दोहोऱ्याउने र विचैमा कक्षा छोड्नेबाट प्रभाव पर्न गएको विद्यार्थीहरुको वसाई भएर आउने र जानेमा भुमिका खेल्दछ । यस अध्ययन क्षेत्रको बसाइँसराइ भएर आउने छात्राको अवस्थातलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १५ : बसाइँसराइ भएर आउने छत्रा विवरण

कक्षा	शै.स. २०७०			शै.स. २०७१			शै.स २०७२		
	छात्रा	जम्मा	छात्रा %	छात्रा	जम्मा	छात्रा %	छात्रा	जम्मा	छात्रा %
१	१३	५	३८	१०	५	५०	९	३	३३
२	६	२	३३	१२	५	४२	७	२	२९
३	१०	५	४०	८	४	५०	६	२	५०
४	७	३	४२	७	३	४२	७	३	४२
५	९	४	४४	५	२	४०	७	३	४२
जम्मा	४५	१९	४२	४२	१९	४५	३६	१३	३६

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि कक्षा १-५ को बसाई भएर आउने विद्यार्थीको अवस्था शैक्षिक सत्र २०७० मा ४२ थियो भने शैक्षिक सत्र २०७१ मा ४५ रहेको पाईयो । त्यसै गरी २०७२ मा ३६ रहेको पाईयो ।

४.४ महिला शिक्षकको सहभागिता बढाउने उपायहरु

४.४.१ महिला शिक्षकको सहभागिता बढाउने उपायहरु

मानवीय समाजको सृष्टि नारी र पुरुष दुवैको समान सहभागिताबाट भएको हो । मानव सभ्यताको सूरुबातसँगै यी दुवै स्वतन्त्र व्यक्तित्व थिए । जीवन अति सरल थियो । कुनै समाजिक जालो थिएन । आफ्नो पेट पाल्न नारीहरु पुरुष सरह खेतिपाति गर्दै स्वतन्त्र थिए । व्यवहारिक जीवनमा हरेक क्षेत्रमा समान रुपले सहभागिता हुदै आएका थिए । तर कालान्तरमा समाजिक

विकृति र अज्ञानताका कारण आजको यस आधुनिक वर्तमान समयसम्म पनि त्यस परिपाटीले पनि महिला शिक्षा मा प्रतिकुल असर पार्दै गएको पाइन्छ । यसै कारणले नै आज महिलाहरु पिछोडिएका वर्गमा पर्न गएका छन् । देशको आधा आकाश ढाकेको महिला वर्गको मानव स्रोत खेर गइरहेको अवस्था छ जसको कारण आज देशको सर्वाङ्गिण विकासमा ठूलो बाधा परिरहेको छ । एकातिर घर व्यवहारको पारिवारिक बोझ साथै समाजको विद्यमान परम्पराले गर्दा शिक्षण पेसामा महिला शिक्षकको सहभागिता न्यून देखिन्छ ।

महिला शिक्षकको शिक्षण सहभागिता सम्वन्धि जति समस्या छ त्यति नै सहभागिताबाट हुने प्रभावकारी शिक्षण कार्य पनि चुनौतिपूर्ण रहेको छ । सहभागिता बढाउनको लागि पनि समान अवसर तथा समान सहभागिताको निति आवश्यक पर्दछ । यस्तो अवस्थामा महिलाको सहभागिता बढाउन ठूलो चुनौति बनेको छ । यस्तो चुनौतिलाई सामना गर्ने सहभागिता बढाउनको लागि अध्ययन क्षेत्रमा गइ प्रत्येक्ष रुपमा सम्वन्धित व्यक्तिलाई (विद्यार्थी, महिला शिक्षक, प्र.अ., वि.व्य.स., अध्यक्ष) भेटघाट गरी निम्न समस्याहरु भइरहेको पाइन्छ ।

महिला शिक्षकको सहभागितामा समस्या रहनुमा महिलाहरुको योग्यतामा कमी, चेतनाको विकास कम, छुट्टै तालिमको व्वस्था नहुनु, घरायसी काममा जोडदिनु, अध्यापन अनुमति प्रत्र न्यून महिलासँग मात्र रहनु, माथिल्लो निकायबाट प्रभावकारी व्यस्थापन नहुनु, ऐन नियमावलीमा महिला शिक्षा को संख्या भए पनि कार्यन्वयन प्रभावकारी नहुनु, लैङ्गिक बिभेद हुनु, असक्षम प्रशासक हुनु, कम अनुभव हुनु, प्रतिष्पर्धामा कम हुनु, घर अपायक जान नचाहानु जस्ता रहेको पाइन्छ ।

उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले ७० पतिशत महिलाहरु निरक्षर रहेको, प्राथमिक विद्यालय जाने उमेरको ६० पतिशत केटीहरु विद्यालय प्रवेश नै नगरेको पाइन्छन् । भने ३९ प्रतिशत रहेको पाइन्छ (शैक्षिक तथ्याङ्क, २०५३) भने यस्तो विद्यालयहरुमा शिक्षण गर्ने महिला शिक्षकहरुको अवस्था न्यून हुनुमा नकारात्मक सोचाई, व्यापक निरक्षरता, गरीवी, प्रेरक तथा अगुवा महिलाको कमी, अव्यवहारिक पढाई जस्ता कारणहरु उल्लेख गरिएको पाइन्छ ।

महिला शिक्षक माथिको न्यून सहभागिता बढाउनको शिक्षा मन्त्रालय मार्फत गरिएको ऐन तथा नियमावली २०५९ को तेस्रो संस्कारणमा निम्न वुदाँहरु उल्लेख रहेको पाइन्छ । प्रा.वि.तहको वर्तमान रिक्त दरवन्दीमा अनिवार्य महिला नियुक्ति गर्नुपर्ने तालिममा पहिलो प्राथमिकता दिनुपर्ने, घर अपायक परेका महिला शिक्षकलाई आवास भत्ता दिनुपर्ने, प्रत्येक प्रा.वि.मा एक जना महिला शिक्षक हुनुपर्ने र दरवन्दी संख्याको आधारको आधारमा ३ वटा दरवन्दीमा १ महिला अनिवार्य सो भन्दा माथि संख्याको आधारमा बढाउदै लानुपर्ने उल्लेख गरिएको पाइन्छ । यस्तो कार्यक्रमहरु

सञ्चालन गरेको भए तापनि दरवन्दीको सृजना नै नहुने, तालिममा पहिलो प्राथमिकता दिने भनिए तापनि अधिकांश नीजि क्षेत्रमा शिक्षण गर्दै गरेको पाइनुले सहभागिता नगराएको तथा प्रत्येक विद्यालयमा ३ दरवन्दीको आधारमा १ जना महिला अनिवार्य हुनुपर्ने उल्लेख गरिएको छ ।

यस क्षेत्रको अध्ययन गर्दा पुरुषको दाँजोमा साहै दयनिय अवस्था रहेको पाइन्दैन । समाजमा शिक्षा को सुधार गर्नका लागि भएका प्रयासहरुबाट हालसम्म सुधार हुन नसक्नुमा एउटा मात्र हातले ताली बज्दैन भने जस्तै महिला शिक्षकको संख्यामा कमी हुनु रहेको पाइन्छ । अझ एउटा पुरुष शिक्षित भएमा स्वयं मात्र शिक्षित हुनु तर महिला शिक्षित भएमा सम्पूर्ण परिवार नै शिक्षित हुन्छ भन्ने जस्ता भनाईबाट महिला शिक्षकको सहभागिता बढी भएमा शिक्षण प्रभावकारीता बढ्ने देखिन्छ । यस्तो सहभागिता बढाउको लागि गर्नुपर्ने कार्यको बारेमा अध्ययन क्षेत्रका सम्वन्धित सम्पूर्ण सरोकारवाला संग लिएको विचार निम्न रहेको पाइन्छ ।

यसरी प्राथमिक तहमा महिला शिक्षकको सहभागिता सम्बन्धि समस्यालाई समाधान गर्नका लागि छुट्टै महिला दरवन्दीको व्यवस्था हुनुपर्ने, चेतना मुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, ऐन तथा नियमावालीमा परिवार्तन गर्नुपर्ने, पुरुष/महिला शिक्षक कोटा बराबर हुनुपर्ने, खाली दरवन्दीमा महिला नियुक्ति गर्नेपर्ने, शैक्षिक दायित्वको बोध बढी गराउनु पर्ने, आफ्नो अधिकार प्रति विशेष चासो राख्नु पर्ने, कम्तिमा प्रा. वि. तहमा २ जना अनिवार्य हुनुपर्ने, तालिमा बढी सहभागिता बढाउनु पर्ने, अध्यापन अनुमति प्रत्रलाई नियमित गर्नुपर्ने, योग्यता र चेतनाको विकास गर्नु पर्ने जस्ता उचित कदम चाल्नु जरुरी देखिन्छ ।

४. ५ प्राप्तीको सारांश

यस अध्ययन क्षेत्रमा अध्ययन र अनुसन्धानबाद प्राप्त भएको तथ्यहरुलाई विश्लेषण गरी उद्देश्यका आधारमा बिभाजन गरिएको छ । प्राथमिक तहमा महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा प्रारेको प्रभावको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा शिक्षकको तुलनामा महिला शिक्षक संख्या न्यून ३३ प्रतिशत रहेको पाइयो । अध्ययन क्षेत्रमा स्थायी २३ प्रतिशत, अस्थायी ५८ प्रतिशत राहात ५० र निजिमा ५० प्रतिशत स्थानीय श्रोतबाट राखेको पाईयो । तालिम प्राप्त महिला शिक्षक २३ प्रतिशत, तालिम अप्राप्त १० प्रतिशत र आंशिक तालिम प्राप्त ६ प्रतिशत पाइयो । त्यस्तै विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता न्यून रहेको पाइयो ।

यस अध्ययन क्षेत्रको अध्ययन गर्दा प्रभाव शिक्षणमा महिला शिक्षकको अवस्था छात्राको भर्ना दर अवस्था तुलनात्मक रुपमा सामान्य रहेको पाइयो । बिचैमा कक्षा छोड्ने र दोहोराउने अवस्था घट्दो सामान्य अवस्था पाइयो । खुद भर्ना दर शै.स २०७०, २०७१ र २०७२ मा क्रमशः ५१

प्रतिशत, ५० प्रतिशत र ४७ रहेको पाइयो । महिला शिक्षकहरुले कक्षा शिक्षण भन्दा विषयगत शिक्षण बढी रहेको पाइयो । महिला शिक्षकले विद्यार्थी केन्द्रित शिक्षण बिधिको आधारमा शिक्षण गरेको पाइयो । बहु कक्षा शिक्षण न्यून पाइयो । धेरै महिला शिक्षणले पाठ्यपुस्तक प्रयोग गरेको पाइयो । न्युन मात्रामा अन्य शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । धेरै महिला शिक्षकले गृहकार्य दिने र कमैले गृहकार्य दिन नगरेको पाइयो । विद्यालयमा महिला शिक्षक उपस्थित नहुँदा बढी छात्राहरुलाई नरमाईलो हुने गरेको पाइयो ।

अध्ययन क्षेत्रमा महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा भएको समस्याहरुमा योग्यताको कमी हुनु, प्रतिष्पर्धामा कमजोर हुनु, लैगिक विभेद हुनु, घरअपाय जाने नचाहनु, सिकाइ अनुभव कम, शैक्षिक सामाग्रिको प्रयोग कम,विज्ञान सामाग्रिको अभाव उपल्लो निकायबाट अनुगम नहुनु, छुट्टै महिला तालिम नहुनु, निजी श्रोतमा शिक्षण व्यवस्थापन गर्नु, घरयासी व्यवहारमा बढी जोड्, कर्तव्य बोधको अभाव, र असक्षम प्रशासक, शिक्षण पेसाको ग्यारेन्टी नहुनु, महिला शिक्षक स्वंयम् सचेत नहुनु आदि रहेको पाइयो ।

प्राथमिक तहमा महिला शिक्षकको सहभागिता सम्बन्धि समस्या समाधानका उपायहरुमा महिला पुरष कोटा बराबर हुनुपर्ने, कम्तिमा प्रा.बि. तहमा ३ जना अनिवार्य राख्नुपर्ने, ऐन नियमावलीलँई परिवर्तन गरि महिला शिक्षण सहभागिता बढाई छात्राहरुको भर्ना दर बढाउनु पर्ने, महिलाहरुलाई प्रशासनिक जिम्मेवारी दिनुपर्ने, शैक्षिक दायित्वको बोध गराउनुपर्ने, अनुगमन र निरीक्षण गर्नुपर्ने र तालिमा बढी सहभागि गराउनु पर्ने जस्ता सुझावहरु पाइयो ।

निष्कर्षमा भन्नु पर्दा यस अध्ययन क्षेत्रमा महिला शिक्षकको सहभागिताको अवस्था न्यून देखियो । नेपालको परिवेशमा पुरुषको तुलनामा महिला संख्या संख्यात्मक रुपमा बढी देखिएता पनि शैक्षिक रुपमा कम देखिनु सोचनीय छ । तसर्थ आगामी वर्षमा सो अवस्था माथि सम्बन्धित निकायले उल्लेखनीय भूमिका निभाई केही मात्रामा महिलाको शैक्षिक स्तर वृद्धि गर्नेछ भन्ने यो अध्ययन कर्ताको ठहर छ ।

परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

यस अध्ययनको क्रममा राखिका उद्देश्यहरूको समीपमा रहेर लेखाजोखा गर्ने क्रममा प्राप्त तथ्याङ्क माथि अनुसन्धान कर्ताले आफ्नो क्षमताले पहिचान गरेका र उक्त कार्य क्षेत्रमा देखिएका केहि समस्याहरूलाई सुल्झाउने क्रममा केहि निष्कर्ष र सुझाहरू निम्न बमोजिम छन् ।

५.१ निष्कर्ष

इलाम जिल्लाको चुलाचुली स्रोत केन्द्र अन्तर्गत रहेको १० वटा विद्यालयको प्राथमिक तहमा महिला शिक्षकको सहभागिताले शिक्षण सिकाइमा पारेको प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानबाट प्राप्त भएका आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

लैङ्गिक समान्ताका लागि महिला र पुरुषको समान सहभागिता शिक्षा क्षेत्रमा अवश्यकता परेको छ ।. प्रतिष्पर्धामा कमजोर, लैङ्गिक असमानताका कारण पुरुष शिक्षक भन्दा महिला शिक्षकको सहभागिता कमजोर देखिएको छ । संख्यात्मक सहभागितासंगै गुणात्मक सहभागितालाई पनि बढाउन अवश्यक देखिएको छ । सबै महिला शिक्षकको पेशागत सुरक्षा दिदै सहभागिताको मैका सरकारले बढी दिनु पर्ने देखिएको छ । शिक्षकको तुलनामा महिला शिक्षक संख्या कम हुनुमा लैङ्गिक असमानता सामाजिक संस्कार, चेतनाको कमी र अशिक्षा र आर्थिक अवस्थाले प्रभाव पारेको पाइन्छ । महिला शिक्षक सहभागिताको प्रभावले अभिभावकलाई छोरी पढाउने चेतनाको विकास भएको पाइन्छ । पारिवारीक व्यवहारले गर्दा विद्यालयमा महिला शिक्षकको अतिरिक्त कार्यक्रमा कम सहभागिता देखिएको छ । महिलाहरु सवलम्बि भई आफ्नो लागि केहि गर्ने दृड संकल्प रहेको साथै अन्य महिलालाई पनि आत्मनिर्भर हुन प्रोत्साहित गरेको देखिन्छ ।

प्लेटोले आर्दश राज्यको निर्माणको लागि नारी शिक्षा भने झै महिलालाई चेतना दिइ शैक्षिक विकासमा अगाडि बढाउन आवश्यक देखिएको छ । मेरी पार्कर फूलेट ले उत्पादन बढाउन प्रजातान्त्रिक र सहभागितामुलक रुपमा सञ्चालन गरी मानवीय स्थापना गर्न सकेमा प्रभावकारी भए जस्तो अध्ययन क्षेत्रका महिला शिक्षकलाई पनि सम्बन्ध स्थापना गर्न सकेमा उनीहरु सम्पूर्ण कार्यमा आफूलाई सक्षम बनाउन सक्ने देखिएको छ । आर.ए. स्टेकेको प्राकृतिक तथा सहभागिता उन्मुख मुल्याङ्कन विधिको आधारमा सिकाइमा वास्तविक जटिलताको पहिचान गरी आगमन विधि तथा खोज प्रयोगबाट मुल्याङ्कन गरी विद्यार्थी तथा महिला शिक्षकको शिक्षणमा सुधार ल्याउन सकिने देखिएको छ । अतिरिक्त क्रियकलाप र कक्षा शिक्षणलाई कम महत्व दिइ विषय शिक्षणलाई मात्र वढी केन्द्रीत बनाएकोले सीप विकासमा कमि कमजोर पाइन्छ ।

५.२ सुझावहरु

अध्ययन कार्यमा अध्ययन क्षेत्रको प्राप्ति पछि त्यस क्षेत्रमा देखिएको समस्यहरुको समाधानको लागि एक व्यक्तिको सुझावले मात्र प्रयाप्त हुदैन । त्यस कारण सम्बन्धित निकायको साथै नीति नियम र उपयुक्त सुझावले मात्र लक्ष्यमा पुग्न सकिन्छ । जसमा निम्न सुझावहरु रहेको छ ।

५.२.१ नीतिगत तहका लागि सुझाव

शिक्षा ऐन तथा नियमावाली (२०५९ संसोधन सहित) अनुसार प्रत्येक प्राथमिक विद्यालय तहमा कम्तीमा १/१ जना महिला शिक्षकको अनिवार्य व्यवस्था हुनु पर्ने भए पनि यस क्षेत्रको सुझावमा कम्तीमा २ महिला दरबन्दी हुनु पर्ने देखिन्छ । त्यसै गरी तोकिएको निति नियममा सम्बन्धित निकाय कतर्व्यनिष्ट हुनु पर्ने, महिलाहरुलाई प्रशासनिक जिम्मेवारी प्रदान गर्नु पर्ने, महिला शिक्षकलाई छुट्टै तालिमको व्यवस्था गर्नु पर्ने शैक्षिक दायित्वको बोध गराउनु पर्ने, महिला शिक्षक सहभागिता बढाई छात्राहरुको भर्ना दर बढाउन पर्ने, विद्यालयमा माथिल्लो निकायबाट अनुगमन तथा निरीक्षण गर्नुपर्ने , तालिममा बढि महिला सहभागिता बढाउनु पर्ने, असक्षम महिला भन्ने भावनाको वीजारोपण हटाएर अवसर प्रदान गरी निराकरण गर्न सहयोग गर्नु पर्दछ । गुणात्मक रूपमा महिला शिक्षकको सहभागित विकास गरि सवै महिला शिक्षकको सेवा, सुरक्षा तथा सुविधाको सुनिश्चित गरिनु पर्ने जस्ता सुझावहरु पाइयो । आरक्षण व्यावस्थालाई व्यवहरिकता प्रदान गर्नु पर्दछ । महिला शिक्षकलाई अग्रसर गराएर शिक्षण सीप विकास, नेतृत्व विकास तलिम, जनचेतनामूलक कार्यक्रम, दक्षता अभिवृद्धि कार्यक्रम जस्ता कार्यहरूलाई अगाडि बढाउनु पर्ने देखिन्छ ।

५.२.२ अभ्यास तहका लागि सुझाव

यस अध्ययन क्षेत्रको अध्ययन गर्दा महिला शिक्षकको सहभागिता समग्रमा २३ प्रतिशत रहेको पाइयो । पुरूष/ महिला बरावर दरवन्दी भए छात्राहरूको संख्या बढ्ने सुझाब पाइन्छ । निजी शिक्षकको दरवन्दी कम गर्नु पर्ने देखिन्छ । त्यसै तालिम प्राप्त महिला २३ प्रतिशत देखिन्छ । जुन कम मात्रमा देखियो त्यसलाई बराबर पुऱ्याउनु पर्ने देखिन्छ । त्यसै आंशिक तालिम प्राप्त ६ प्रतिशतलाई घटाएर शून्यमा लानुपर्ने र तालिम अप्राप्त महिला प्रतिशत १० लाई घटाएर पूर्ण तालिम प्राप्त बनाउनु पर्ने देखिन्छ । विद्यालय व्यवस्थापन समितिमा महिला नेतृत्व नभएको पाइयो । तसर्थ आगामी दिनमा महिलालाई पनि व्यवस्थापन समितिमा नेतृत्व प्रदान गर्नु पर्ने देखिन्छ । विद्यालय व्यस्थापन समितिमा महिला सदस्य संख्या कम रहेको पाइयो । वि.व्य.स. मा महिलाको

संख्या बराबर भए महिला नेतृत्वको भावना विकास गरि महिला सशक्तिकरणकमा सहायता प्रदान गर्दछ । जसमा केहि मात्रमा बढाउनु पर्ने देखिन्छ । यसै गरी महिला शिक्षकलाई पुर्नताजकी तालिमको व्यवस्था गर्नुपर्ने , महिला शिक्षक प्रति सकारात्मक भावना जागृत गराउनु पर्ने, बालमैत्री शिक्षण पद्धतिमा जोड दिनु पर्ने, महिला शिक्षकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्थापन गर्नु पर्ने, महिला शिक्षकको पेशाको ग्यारेन्टी हुनुपर्ने र समय समयमा निरीक्षण तथा अनुगमनको व्यवस्था हुनु पर्ने देखिन्छ ।

५.२.३ अनुसन्धान तहका लागि सुझाव

यस अध्यया क्षेत्रको अध्ययन गर्दा जे जति अध्ययन कर्ताले सो क्षेत्रमा देखिएको सुझाव प्रसस्त छैन । त्यसैले गर्दा अन्य अनुसन्धान कर्ता, बुद्धिजिवी, सरोकारवाला, खोजकर्ताको लागि यसले केहि मात्र थप सहयोग पुऱ्याई एक इटाको काम गर्न सक्छ, यस अध्ययन कार्यलाई चिन्तन् मनन् गरी साथै देखिएको कमीकमजोरी सुधार गर्ने पक्षमा अध्ययन कर्ता छ ।

सन्दर्भग्रन्थ

अधिकारी, विष्णुप्रसाद (सन् २०१३) *प्रथमिक शिक्षक दिग्दर्शन* आशिष बुक्स हाउस प्रा.लि काठमाण्डौ: ।

अधिकरी,तोयानाथ (२०६६) *शिक्षा को परिचय,* श्याम पुस्तक भण्डार, विराटनगर

अर्याल, शिवहरी र वानिय जगत र (२०६८) *अनौपचारिक शिक्षा सिद्धान्त र अभ्यास* भोटाहिटी काठमाण्डौं हाईल्यान्ड प्रकाशक प्रा. लि.

काफ्ले र साथीहरु (२०६५) *शिक्षा मा सामाजिक न्याय,* काठमाण्डौ : सनसाइन पब्लिकेशन किर्तीपूर ।

काफ्ले, वासुदेव, सह - प्रा. ढकाल हेमराज, अधिकारी किसान प्रसाद (२०६८) *शिक्षा मा सामाजिक न्याय,* कीर्तिपुर काठमाण्डौं सनलाइट पब्लिकेसन

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६६) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाण्डौं

खनाल, श्री प्रसाद (२०६८) *शैक्षणिक बिधि* प्रकाशक जुफिटर पब्लिशर्स एण्ड डिष्ट्रिट्युटर्स प्रा. लि टेकु काठमाण्डौं

थापा, सिग्देल र लामिछाने (विजयकुमार, चन्द्र ब., शैलेन्द्र प्रसाद) परिमाजित सस्करण (२०६८) *शिक्षा मा मानव संसाधन व्यवस्थापन* भोटाहिटी काठमाण्डौं विद्यार्थी पुस्तक पसल

नेपाल सरकार शिक्षा तथा खेलकुद, मन्त्रालय, (२०६३) *लैङ्गिक समविकासका लागि बालिका शिक्षा को रणनिति तथा कार्यान्यन योजना,* शिक्षा विभाग सानो ठिमी भक्तपुर

नेपालको संविधान (पहिला संशोधन), २०७२

रेग्मी, संगीता (२०६१) *नेपालमा महिलाको स्थिति* काठमाडौ: महिला शिक्षा वार्षिक प्रकाशन, अनौपचारिक शिक्षा केन्द्र, शिक्षा विभाग

राई राजकुमार, (२०६६) *प्राथमिक तहमा महिला शिक्षकको उपस्थितिको प्रभाव,* सुकुना बहुमुखि क्याम्पस इ.पि.यम. बिभाग स्नाकोतर शोधप्रत्र अप्रकाशित कृति

शर्मा, चिरन्जीबी र निर्मला (संस्करण २०६६) *शिक्षा का आधारहरु* काठमाण्डौं राज [illegible] स

शिक्षक मासिक, वर्ष ७ पूर्णाङक ७७ भदौ २०७१

शिक्षक मासिक, वर्ष ७ पूर्णाङक ७६ साउन २०७१

शिक्षक मासिक, वर्ष ७ पूर्णाङक ७७ भदौ २०७१

शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची -१

छात्रा / छात्रको भर्नाको अवस्था

कक्षा	शै.स. २०७०			शै.स. २०७१			शै.स. २०७२		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
१.	१२१	१२९	२५०	११७	१३०	२४७	१०८	१०११	२१९
२.	११३	१००	२१३	९४	९४	१८८	७८	९७	१७५
३.	११७	१०२	२१९	१०४	१००	२०४	९६	१०२	१९८
४.	१२६	१४१	२६७	११७	११५	२३२	११७	११९	२३६
५.	१३३	१४८	२८१	१३६	१५०	२८६	१२५	१५१	२७६
जम्मा.	६१०	६२०	१२३०	५६८	५८९	११५७	५२४	५८०	११०४

स्रोतः स्थतगत सर्वेक्षण, २०७२

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची -२

विद्यार्थीहरूको परीक्षा परिणाम

कक्षा	शै.स. २०७०			शै.स. २०७१			शै.स २०७२		
	जम्मा संख्या	छात्रा संख्या	छात्र संख्या	जम्मा संख्या	छात्रा संख्या	छात्र संख्या	जम्मा संख्या	छात्र संख्या	छात्र संख्या
१	२१७	१०५	११२	२१७	१०६	१११	१७३	१०१	७२
२	२०७	११७	९०	१७७	८७	९०	१८५	९१	९४
३	२१३	११२	१०१	१८९	९८	९१	१९५	९८	९७
४	२६९	१२४	१४५	२४३	१२९	११४	२३२	११४	११८
५	२४६	१२७	११७	२६३	१२५	१३८	२६०	१२५	१३५
जम्मा	११५०	५८५	५६५	१०८९	५४५	५४४	१०४५	५२९	५१६

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची ३

प्रधानध्यापकहरुका लागि सोधिएको प्रश्नावलीहरुको नमुना

१. यस विद्यालयमा महिला शिक्षकको दरबन्दीको अवस्था कस्तो छ ?

क.स्थायी ख. अस्थायी ग.राहत घ. निजी

२. महिला शिक्षकको प्रभावको छात्रको भर्नामा कस्तो प्रभाव परेको छ ?

क.छ ख. छैन ग. सामान्य

३. प्राथमिक तहमा कक्षा दोहोराउने छात्र/छात्राको अवस्था कस्तो छ ?

क. ४ % ख. ३% ग. २% घ.१%

४.महिला शिक्षकको शिक्षण सिकाई प्रभावकारी नहुनको कारण के हो ?

क. पाठ्यक्रम ख. पाठ्यापुस्तक ग.शैक्षिक सामग्री घ. निर्देशिका

५. महिला शिक्षकको तामिमा सहभागिता कस्तो रहेको छ ?

क.राम्रो ख. सामान्य ग. न्यून

६. कुन तत्वले महिला शिक्षकको सहभागिता वढ्न गई सिकाई मा प्रभावकारी आउन सक्छ ?

क. पाठ्क्रम ख. तालिम ग. निर्देशिका घ. शैक्षिक सामग्री

७. महिला शिक्षकको शिक्षण कार्यमा आईपरेका समस्याहरु समाधान गर्ने उपायहरु के के हुन् ?

.....

८. प्रा.वि. तहमा छात्र/छात्राको शैक्षिक उपलब्धी कस्तो रहेको छ ?

क. अति उत्तम ख. उत्तम ग. मध्यम घ. न्यून

९. तपाईको सोचमा के गर्न सके महिला शिक्षकको सहभागिता बढ्न गई शिक्षण कार्य प्रभावकारी हुन्थ्यो होला ?

.....

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची ४

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि सोधिएको पश्नावलीहरुको नमुना

१. विद्यालयको व्यवस्थापन समितिमा महिला सदस्यको संख्या कस्तो रहेको छ ?

क.४ ख.३ ग.२ घ.१

२.प्रा.वि तहमा महिला शिक्षकको दरवन्दी कस्तो रहेको छ ?

क. ४ ख.३ ग.२ घ.१

३.महिला शिक्षकको सहभागिताले शिक्षक सिकाईहरुमा कस्तो प्रभाव परेको छ ?

क. १०० % ख. ८०% ग. ५०% घ.२०%

४.पुरुष शिक्षकको सहभागीताले छात्राको भर्नामा कस्तो प्रभाव परेको छ ?

क.उत्तम ख.मध्यम ग.न्यून

५. महिला शिक्षकको सहभागिताले छात्राको भर्नामा कस्तो प्रभाव परेको छ ?

क. उत्तम ख.मध्यम ग.न्यून

६. महिला शिक्षकको शिक्षण कार्य प्रभावकारी बनाउन के गर्नु पर्छ ?

क. तालिम ख.पाठ्क्रम ग. शैक्षिक सामाग्री

७. महिला शिक्षकको शिक्षण कार्य कतिको प्रभावकारी छ ?

क. उत्तम ख.मध्यम ग.सामान्य

८. प्रा. वि तहमा छात्र/छात्राको शैक्षिक उपलब्धी कस्तो रहेको छ ?

क. उत्तम ख.मध्यम ग.सामान्य

९. महिला शिक्षकको शिक्षक कार्यमा आइपरेको समस्यहरु समाधान गर्ने उपायहरु के-के हुन् लेख्नु होस् ?

.....

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची ५

विद्यार्थीहरुको लागि सोधिएको प्रश्नहरुको नमुना

१. महिला शिक्षक र पुरुष शिक्षक मध्ये कसको शिक्षण सिकाई प्रभावकारी लाग्दछ?

क. महिला ख. पुरुष ग.दुबैको

२. विद्यालयको शिक्षण सिकाई कार्यमा कस्ले धेरै माया गर्नुहुन्छ ।

क. महिला ख. पुरुष ग. प्र.अ.

३. पुरुष शिक्षकको शिक्षण सिकाई क्रियाकलाप कतिको रमाइलो लागदछ ?

क.१०० % ख. ८०% ग. ५०% घ.२०%

४.महिला शिक्षकको शिक्षण सिकाई क्रियाकलाप कतिको रमाइलो लाग्दछ ?

क.१०० % ख. ८०% ग. ५०% घ.२०%

५. महिला शिक्षकले तिमीहरु प्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

क.मिठो व्यवहार ख.रुखो व्यवहार ग. बास्तै गर्नु हुन्न

६. पुरष शिक्षकले तिमीहरुप्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

क. मिठो व्यवहार ख. रुखो व्यवहार ग. वास्तै गर्नु हुन्न

७.महिला शिक्षण कार्यमा के समस्या देखेका छौं ?

.....

८. कसो गर्न सके महिला शिक्षकको शिक्षण कार्यमा सुधार आउन सक्छ ?

.....

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची ६

अभिभावकहरुका लागि सोधीएका प्रश्नावलीहरुको नमुना

१.तपाईहरु नजरमा महिला शिक्षकको शिक्षण कार्य कस्तो रहेको छ ?

क.उत्तम ख. मध्यम ग. न्यून

२. तपाईहरु नजरमा पुरुषको शिक्षण कार्य कस्तो छ ?

क.उत्तम ख.मध्यम ग. न्यून

३. तपाईको बच्चाको शैक्षिक उपलब्ध कस्तो रहेको छ ?

क.अति उत्तम ख. उत्तम ग. मध्यम घ. न्यून

४. तपाईलाई महिला शिक्षकको शिक्षण कार्य कस्तो लाग्छ ?

क.उत्तम ख. मध्यम ग न्यून

५. तपाईलाई पुरुष शिक्षकको शिक्षण कार्य कस्तो लाग्छ ?

क.उत्तम ख. मध्यम ग. न्यून

६. तपाईको विचार के गर्न सके महिला शिक्षकको सहभागिता बढ्न सक्छ ?

.....

७. तपाईको विचारमा महिला शिक्षकको शिक्षण कार्यमा देखिएका समस्याहरु बताइ दिनुहुन्छ कि ?

.....

महिला शिक्षकको शिक्षणले सिकाइमा पारेको प्रभाव

अनुसुची ७

महिला शिक्षकहरुको लागि सोधिएको प्रश्नावलीहरुको नमुना

१.तपाई कुन दरवन्दीमा कार्यरत हुनुहुन्छ ?

क.स्थायी ख.अस्थायी ग. राहत घ. निजी

२. शिक्षण कार्यलाई प्रभावकारी बनाउनु के गर्नु पर्छ ?

क.पाठ्पुस्तक ख. निर्देशिका ग. शैक्षिक सामग्री

३. तपाईको विचारमा के को कमिले शिक्षण कार्य प्रभावकारी हुन सकेको छैन ?

क.पाठ्क्रम ख. निर्देशिका ग. शैक्षिक सामग्री घ. शैक्षिक व्यवस्थापन

४.प्रा.वि तहमा छात्रको शैक्षिक उपलब्धी दर कस्तो रहेको छ ?

क.उत्तम ख. मध्यम ग. न्यून

५. प्रा.वि तहमा छात्राको शैक्षिक उपलब्धी दर कस्तो रहेको छ ?

क.उत्तम ख. मध्यम ग. न्यून

६.शिक्षण कार्यमा देखिएका समस्याहरु बताइ दिनुहुन्छ कि ?

.....

७. तपाईको दैनिक अध्यापन पिरियड कस्तो रहेको छ?

क. ८ घण्टी ख.७ घण्टी ग.६ घण्टी घ. ५ घण्टी

८. शिक्षण कार्यमा तपाईले के-कस्तो सेवा सुविधा पाउनु भएको छ ?

क. पूर्ण ख. आंशिक ग. मध्यम घ.न्यून